का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३१०
❒ १९ पुस २०७८, सोमबार
❒ 3 January 2022, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



# ‘जनवाद’ लत्याएर नेतृत्व निर्माण

पुष्पकमल दाहाल प्रचण्डले २३६ जना केन्द्रीय सदस्यको नाम घोषणा गरेपछि नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन सकिएको छ । संगठित सदस्यहरुबाट चयन भएर आएका प्रतिनिधिहरुको अधिकार खोस्दै प्रचण्डले केन्द्रीय कमिटीको घोषणा गरेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

पुष्पकमल दाहाल प्रचण्डले २३६ जना केन्द्रीय सदस्यको नाम बाचन गरेपछि नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन सकिएको छ । पुस ११ गते उद्घाटन भएको महाधिवेशन एक साता चलेर सकिएको घोषणा प्रचण्डले गरेका छन् ।

प्रथम राष्ट्रिय सम्मेलन भनेर प्रतिनिधि चयन भएपछि माओवादी केन्द्रले पुस १० गते मात्रै त्यही सभालाई महाधिवेशनमा परिणत गरेको थियो । सम्मेलन भनेर आएका प्रतिनिधिहरु महाधिवेशन प्रतिनिधि बनेजस्तै हठात् ढंगले महाधिवेशन पनि सकिएको छ । तर महाधिवेशनले पूर्ण नेतृत्व चयन गर्न सकेन । माओवादीले विधान संशोधन गर्दै १५ पदाधिकारी सहित २९९ सदस्यीय केन्द्रीय कमिटीको व्यवस्था गरेको छ ।

माओवादी विधान अनुसार, केन्द्रीय सदस्यबाट पदाधिकारी चयन हुन्छन् । तर २९९ सदस्यीय केन्द्रीय कमिटी समेत पूर्ण हुन नसकेकाले पदाधिकारी चयन हुने कुरै भएन । प्रचण्डले खुला, जनजाति, मधेशी, थारु लगायत क्लस्टरबाट २३६ जनाको नाम प्रस्ताव गरे ।

प्रस्तावअनुसार, जनजाति तर्फ ४१ जना चयन भएका छन् । ४१ जनामा ११ जना पुरुष, चार जना जनजाति युवा, २२ जना जनजाति महिला र चार जना युवा महिला चयन भएका छन् । खुला तर्फको १४५ जना मध्ये १११ जनाको नाम प्रचण्डले प्रस्ताव गरेका थिए । प्रचण्ड सहित प्रभावशाली नेताहरुको नाम खुलातर्फ राखिएको छ । खुला तर्फ ६ जना महिला चयन भएका छन् । थारुतर्फबाट ९ जना चयन भएका छन् । थारुमा पनि महिला, पुरुष र युवा क्लस्टरअनुसार केन्द्रीय सदस्य चयन भएका छन् ।

यसपटक माओवादीले युवा क्लस्टर थप गरेको थियो । तर युवा भनेपनि पुरानै अनुहार केन्द्रीय कमिटीमा दोहोरिएका छन् । महिला क्लस्टरबाट मात्रै केही नयाँ अनुहार आएका छन् । नेतृत्व चयन प्रक्रियामा भने माओवादीले जनवादको प्रयोग गरेन । कम्युनिष्टले मान्ने जनवादी केन्द्रीयताको संगठनात्मक प्रणाली माओवादीले स्वीकारेको छ । तर यसपटकको महाधिवेशनमा पनि जनवादी केन्द्रीयता भने माओवादीको विधानमा मात्रै सीमित रह्यो ।

बरु, निर्वाचन समितिले अगाडि बढाएको प्रक्रियामाथि समेत नेतृत्वले हस्तक्षेप गर्‍यो । प्रचण्डले प्रस्तुत गरेको वैचारिक-राजनीतिक प्रतिवेदन पारित भएपछि शुक्रबारबाट नेतृत्व चयन प्रक्रिया शुरु भएको थियो । निर्वाचन समितिले १७४३ महाधिवेशन प्रतिनिधिको नामावली प्रकाशन गरी अगाडि बढाएको नेतृत्व चयन प्रक्रिया तीनपटक स्थगित भयो । शुक्रबार राति नै मतदान गर्ने तालिका सार्वजनिक भएको थियो ।

तर नेतृत्वले हस्तक्षेप गरेपछि उम्मेद्वारी दर्ता, उजुरी, उम्मेद्वारी फिर्ता, अन्तिम नामावली प्रकाशन र मतदानको तालिका लगातार स्थगित भयो । आइतबार साँझ भने प्रचण्ड हलमा पुगेर केन्द्रीय सदस्यहरुको नाम घोषणा गरे । पदाधिकारी चयन भने सोमबार हुने उनले जानकारी दिएका छन् । माओवादीको यसअघिका नेतृत्व चयन प्रक्रिया पनि यसरी नै हुने गरेको थियो ।

## युवा क्लस्टरसहित केन्द्रीय कमिटी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटीमा २३६ जना चयन भएका छन् । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले खुलातर्फ १११ जना सहित विभिन्न क्लस्टरबाट केन्द्रीय सदस्य चयन भएका छन् । २९९ मध्ये बाँकी केन्द्रीय सदस्य भने पछि चयन हुने प्रचण्डले जानकारी दिएका छन् ।

प्रचण्डले आफ्नो नाम खुलातर्फ २३औं नम्बरमा राखेका छन् । खुलातर्फ नेपबहादुर थारु चौधरी, लक्ष्मणदत्त जोशी, शरदसिंह भण्डारी, खगराज भट्ट, नरेन्द्रबहादुर कुँवर, त्रिलोचन भट्ट, माधव सापकोटा, युवराज चौलागाइँ, लेखनाथ दाहाल, शालिकराम जमरकट्टेल, श्यामकुमार श्रेष्ठ, हरि दाहाल, महेश्वर दाहाल, हेमलाल शर्मा चयन भएका छन् ।

– बाँकी पृष्ठ २ मा



## संकटमै संसद्

दुई पटक विघटनको निर्णय भएर पुनर्स्थापित संघीय संसद् नेकपा एमालेको अवरोधका कारण क्रियाशील हुन सकिरहेको छैन ।



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

प्रतिनिधिसभा बैठक आइतबार पनि सूचना टाँसेर स्थगित भएको छ । यसअघि पनि बसेको प्रतिनिधिसभा बैठक पनि नेकपा एमालेको अवरोधका कारण सञ्चालन हुन सकेको थिएन । राष्ट्रपति विद्यादेवी भण्डारीको आह्वानमा मंसिर २८ गतेदेखि बैठक तय हुँदै आएको छ । तर विपक्षी नेकपा एमालेको अवरोधकै कारण नाराबाजी र रोष्टम घेराऊमै बैठक सकिने गरेको छ ।

प्रतिनिधिसभाजस्तै राष्ट्रियसभा बैठक पनि प्रभावित हुँदै आएको छ । राष्ट्रियसभामा पनि एमालेको अवरोध जारी छ । एमालेले गएको भदौ २३ गतेदेखि लगातार संघीय संसद् अवरोध गर्दै आएको छ । सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा वा नेकपा एकीकृत समाजवादीलाई संसदमा सहभागी नगराउन एमालेको माग छ । तर यो दुवै संभावना देखिएको छैन । किनकि एमालेको मागकै कारण कुनै दलको अस्तित्व कायम नगराउने वा सभामुखले राजीनामा दिने अवस्था रहन्न ।

तर एमाले आफ्नो अडानमा अडिग छ । यसले दुई पटक विघटन भएर पुनर्स्थापित प्रतिनिधिसभा बाँकी कार्यकाल पनि सहज रुपमा चल्ने अवस्था बन्न सकेको छैन । एमालेकै अध्यक्ष केपी शर्मा ओलीले ५ पुस २०७७ र ७ जेठ २०७८ मा प्रतिनिधिसभा विघटनको निर्णय गरेका थिए । संविधानमै नभएको अधिकार प्रयोग गरी गरिएको प्रतिनिधिसभा विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको थियो । तर राजनीतिक घटनाक्रम विकसित हुँदै जाँदा एमालेकै कारण फेरि पनि संसदले काम गर्ने अवस्था बन्न सकेको छैन । ओलीले प्रतिनिधिसभाको कार्यकाल दुई वर्ष बाँकी रहँदै मध्यावधि चुनावको घोषणा गरेका थिए ।

अहिले पनि एमाले जसरी पनि नियमित मिति भन्दा अगाडि चुनावको पक्षमा देखिएको छ । एमसीसी लगायत एजेण्डाका कारणले पनि संसद्ले पूरा कार्यकाल काम नगर्ने खतरा देखिन्छ । तर गठबन्धन

– बाँकी पृष्ठ २ मा

## रोकिएनन् देउवा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

केन्द्रीय कार्य समितिमा दुई तिहाइ बहुमत नेताहरुसहित नेपाली काँग्रेसका सभापतिमा दोहोरिएका शेरबहादुर देउवाले केन्द्रीय सदस्य मनोनयनमा एक्लौटी निर्णय लिएर अगाडि बढेका छन् । शनिबार १० केन्द्रीय सदस्य मनोनीत गरेका देउवाले आइतबार थप तीन जनालाई मनोनयन गरेका छन् ।



सभापतिमा पराजित कल्याण गुरुङ, महामन्त्रीमा पराजित प्रदीप पौडेल र केन्द्रीय सदस्य पराजित जीवनबहादुर शाहीलाई केन्द्रीय सदस्य मनोनीत गरेका हुन् । गएको २४-२८ मंसिरमा सम्पन्न १४औं महाधिवेशनबाट सभापति निर्वाचित देउवाले पार्टी विधान, २०१७ (संशोधन सहित) को दफा २१(१०) बमोजिम केन्द्रीय सदस्य मनोनीत गरेका हुन् ।

देउवाले शनिबार रामचन्द्र पौडेल, प्रकाशमान सिंह, बिमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, डा. नारायण खड्का, उमा रेग्मी, सुजाता कोइराला र मीनबहादुर विश्वकर्मा केन्द्रीय सदस्यमा मनोनीत गरेका थिए ।

देउवाले मनोनीत गरेका १३ जना नै सभापति देउवालाई मतदान गरेका नेताहरु हुन् ।

१४औं महाधिवेशनमा सभापतिका उम्मेद्वार रहेका रामचन्द्र पौडेलले अन्तिम समयमा देउवालाई साथ दिएका थिए । सिंह र निधिले सभापतिमा प्रतिश्पर्धा गरेका थिए । पहिलो चरणबाटै बाहिरिएका सिंह र निधिले दोस्रो चरणमा देउवालाई समर्थन गरेका थिए । सभापतिमा उम्मेद्वारी दिएका

– बाँकी पृष्ठ २ मा

## एकीकृत संगठनद्वारा उम्मेदवार सार्वजनिक

### एसोसिएसन गठबन्धनका लागि खुला, उम्मेद्वार टुंग्याउन छलफल जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले आगामी पुस ३० गते हुन लागेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि उम्मेद्वार सार्वजनिक गरेको छ। संगठनले रारा इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक तथा संघका पूर्व प्रथम उपाध्यक्ष ज्ञानु गैरेको अध्यक्षतामा १७ जनाको प्यानल सार्वजनिक गरेको छ ।

प्यानलको प्रथम उपाध्यक्षमा के एल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक तथा संगठनका सल्लाहकार कमल सापकोटा, द्वितीय उपाध्यक्षमा संगठनका वरिष्ठ उपाध्यक्षमा इन्टरनेशनल रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक वाई बि राई, तृतीय उपाध्यक्षमा सुप्रिम ओभरसीज प्रा.लि.का सञ्चालक बाबुराम खड्का रहेका छन् ।

महासचिवमा संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक प्रा.लि.का सञ्चालक मधुकर रिजाल, सचिवमा कन्फिडेन्ट एचआर सोलुसन प्रा.लि.का सञ्चालक अनिल बोगटी उम्मेद्वार बनेका छन् भने कोषाध्यक्षमा एबिसी ओभरसीज प्रा.लि.की सञ्चालिका भावना गजुरेल उम्मेद्वार छन् ।



प्यानलको सदस्यहरूमा अजम्बरी ओभरसीज प्रा.लि.का सञ्चालक टक्कर पाखिन, अनमोल ओभरसीज प्रा.लि.का सञ्चालक बिजय कपाली, संगठनकी कोषाध्यक्ष आसिन ओभरसीज प्रा.लि.की सञ्चालिका सरस्वती सुवेदी, पुमोरी ओभरसीज प्रा.लि.का सञ्चालक लोकेश राउत, जबस्पट इन्टरनेशनल प्रा.लि.का सञ्चालक अर्जुन सापकोटा, आयुश ओभरसीज प्रा.लि.का सञ्चालक राहुल साह (कामेश्वर), हित ओभरसिज प्रा.लि.का सञ्चालक भुवनसिं पुन, न्यू लाईट प्रा.लि.का सञ्चालक सुर्य चौधरी, बोस मेनपावर प्रा.लि.का सञ्चालक शिव बहादुर कुँवर, फेसिलिटी इन्टरनेशनल प्रा.लि.का सञ्चालक रोहित दुलाल उम्मेद्वार बनेका छन् ।

प्रथम उपाध्यक्षका उम्मेद्वार

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### ३३ प्रतिशत आरक्षणको माग

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा पदाधिकारी र सदस्य सबै पदमा कम्तीमा ३३ प्रतिशत महिला उम्मेद्वार उठाउन माग गरेको छ ।

संघकी अध्यक्ष सीता देवकोटाले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्षहरूलाई पत्र लेख्दै उक्त माग गरेकी हुन् ।

म्यानपावर चाहियो

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, SAUDI ID भएको मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४४६९६५३९

# राष्ट्रियसभा सदस्य निर्वाचन : दुई हजार २५ मतदाता कायम

**काठमाडौं/मस**–राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि दुई हजार २५ जना मतदाता कायम हुने भएका छन् ।

सातवटै प्रदेशका निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको मतदाता नामावलीमा कुनै दाबी विरोध र उजुरी नपरे पछि आयोगले जारी गरेको नामावली नै कायम हुने भएको हो ।

मतदाताको नामावली आयोगको वेबसाइटबाट प्रकाशन भइसकेको छ । शनिबार मतदाता नामावली प्रकाशन गर्दै दाबी विरोधका लागि आह्वान गरिएको थियो ।

आयोगका अनुसार मंगलबार उम्मेदवारी दर्ताको कार्यक्रम छ । आयोगले सातै प्रदेशमा निर्वाचन अधिकृतको कार्यालयसमेत स्थापना गरिसकेको छ ।

आयोगले दिएको जानकारीअनुसार प्रदेश १ मा २६४, प्रदेश २ मा ३७२, बागमतीमा ३४६, गण्डकीमा २२९, लुम्बिनीमा २९६, कर्णालीमा १९१ र सुदूरपश्चिम २२७ जना मतदाता रहेका छन् ।




सत्तारूढ गठबन्धनले रिक्त १९ राष्ट्रिय सभा सदस्यमा भागबन्डा गरेर उम्मेदवार तय गर्ने तयारी गरेका छन् । यसका लागि गठबन्धनले पार्टीहरूका शीर्ष नेताहरू रहेको समन्वय समिति पनि गठन गरेको थियो ।

दलहरूले राष्ट्रिय सभा सदस्य उम्मेदवारहरूको नाम सिफारिस गर्न थालेका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेले प्रदेशहरूबाट उम्मेदवारका आकांक्षीको नाम केन्द्रमा पठाएको छ ।

राष्ट्रिय सभामा रिक्त सदस्य पदका लागि यही माघ १२ गते निर्वाचन हुँदै छ । निर्वाचनमा प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुख मतदाता हुन्छन् ।

लुम्बिनी प्रदेशको तीन सिटमा राष्ट्रियसभा सदस्यको निर्वाचन

लुम्बिनी प्रदेशमा राष्ट्रियसभाको तीन सदस्यका लागि निर्वाचन हुने भएको छ । त्यसका दाङको घोराइमा प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख निमराज भट्टराइले जानकारी दिए ।

राष्ट्रियसभाको चार वर्षको पदावधि पूरा भएका सदस्यको खाली हुने स्थानमा निर्वाचन हुन लागेको हो । लुम्बिनीबाट महिलामा कोमल वली, अन्यमा दृगनारायण पाण्डेय र दलितमा रामलखन चमारको रिक्त स्थानमा निर्वाचन हुन लागेको उनको भनाइ थियो ।

निर्वाचन आयोगले माघ १२ गते राष्ट्रियसभा सदस्यको निर्वाचन गर्ने मिति तोकेको छ । लुम्बिनी प्रदेशसभाका सदस्य ८१ र १२ वटै जिल्लाका स्थानीय तहका प्रमुख-उपप्रमुखसहित २१५ जना गरी २९६ मतदाताले मतदान गर्ने भएका छन् ।

# हिउँमा फसेका बाबुछोराको उद्धार हुन सकेन

**फुङ्लिङ/मस**–ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-५ पापुङमा पाँच दिनदेखि हिउँमा फँसेका बाबुछोराको उद्धार हुन सकेको छैन । आइतबार बिहान दुई पटक अल्टिच्युट एयर कम्पनीको हेलिकप्टर उद्धारका लागि गए पनि ठाउँ पहिचान गर्न नसकेपछि उद्धार हुन नसकेको हो ।

अन्दाजी ५०/५५ वर्षका लाक्पा टासी र उहाँका १४/१५ वर्षीय छोरा पासाङ शेर्पा गत बुधबार हिउँमा फँसेका हुन् । 'चौरीसँगै हिउँपहिरोले बगायो तर ओडार भेटेर बसेका छौँ । हामी निस्कन नसक्ने भयौँ' भन्दै गत शनिबार हेलिकप्टरबाट निकालिदिन लाक्पाले आग्रह गरेका मिक्वाखोला-५ का वडाध्यक्ष डण्डु शेर्पाले बताए ।

समुद्री सतहबाट चार हजार मिटर उचाइमा अवस्थित पापुङको लोनाक भन्ने ठाउँमा चौंरीगोठ सार्ने क्रममा बाबुछोरा हिउँमा फँसेका हुन् ।

वडाअध्यक्ष शेर्पालाई लाक्पाले फोनमार्फत उद्धारका लागि हेलिकप्टर पठाइदिन आग्रह गर्नुभएको थियो । सोहीअनुसार शनिबार ११ बजे ताप्लेजुङको सुकेटारबाट उद्धारका लागि हेलिकप्टर दुई पटक उडान गरेको थियो । तर कुन ठाउँमा हो भन्ने मेसो नपाएपछि हेलिकप्टर रित्तै सुकेटार फर्केको थियो ।

आइतबार बिहान दुई पटक उद्धारका लागि सुकेटरबाट पापुङको लोनाक ठाउँमा शनिबार राति पनि बाबुछोरा बसेको ठाउँ पत्ता नलागेपछि हेलिकप्टर रित्तै सुकेटार फर्केको ताप्लेजुङ प्रमुख जिल्ला अधिकारी उमेश पाण्डे जानकारी दिए । फोन सम्पर्क भएकाले बाबुछोरा बसेको ठाउँमा आगो बालेर धुवाँ निकाल्न अनुरोध गरेको पाण्डेले बताए । धुवाँ निस्केपछि ठाउँ पहिचान गरेर हेलिकप्टरमार्फत उद्धार गर्ने उनले बताए ।

## युवा...

यस्तै सन्तकुमार दरै, हितमान शाक्य, कृष्णप्रसाद सापकोटा, धर्मानन्द देवकोटा, मुक्तिनारायण प्रधान, ईश्वरीप्रसाद भट्टराई, सुनिलकुमार मानन्धर, हरिबोल गजुरेल, दिलीप महर्जन, सुदन किराती, किरणकुमार राई, सुरेशकुमार राई, हेमराज भण्डारी, राजेन्द्र कार्की, एकचन्द्र बराल चयन भए ।

पदमबहादुर राई, सावित्रीकुमार काफ्ले, सुरेन्द्रकुमार कार्की, युवराज भट्टराई अजयशंकर नायक, अशोककुमार मण्डल, भरतप्रसाद साह, प्रकाशहरि पोखरेल, राजु खड्का, जोगकुमार बर्बरिया यादव, गोपाल ठाकुर, रामकुमार शर्मा, रामेश्वरराय यादव, मात्रिकाप्रसाद यादव, प्रल्हादकुमार बुढाथोकी, गिरिराजमणि पोखरेल, विश्वनाथ साह, गणेश साह, इन्द्रजित थारु, जीवन गौतम, तेजबहादुर ओली केन्द्रीय सदस्य

हेमराज शर्मा पोखरेल, गणेशमान पुन, जदप्रसाद शर्मा, वर्षमान पुन, महेश्वर गहतराज, कुलप्रसाद केसी, डोरप्रसाद उपाध्याय, सुकबहादुर रोका, तिलकराम शर्मा, चक्रपाणि खनाल, कृष्णध्वज खड्का, कृष्णबहादुर महरा, बामदेव क्षेत्री, झकबहादुर मल्ल, विन्दमान विष्ट, रामदीप आचार्य, महेन्द्रबहादुर शाही, राजकुमार शर्मा, शक्ति बस्नेत, गजेन्द्रबहादुर महत, तेजबहादुर बस्नेत, जनार्दन शर्मा, मायाप्रसाद शर्मा, कालिबहादुर मल्ल, युवराज दुलाल, रामप्रसाद सापकोटा, ओमनाथ ढुङ्गाना केन्द्रीय सदस्य बने ।

गंगा कार्की, पुष्पविक्रम मल्ल, लिलामणि पोखरेल, लक्ष्मण पन्त, लेखनाथ न्यौपाने, डिलाराम आचार्य, झक्कु सुवेदी, केन्द्रीय सदस्यमा सितबहादुर बस्नेत, कृष्णबहादुर केसी, अमरबहादुर गुरुङ, गुप्तबहादुर ठकुरी र खिमलाल देवकोटा छन् ।

देवेन्द्र पौडेल, हरिबहादुर चुमान, रामकृष्ण गैरे, नारायणकाजी श्रेष्ठ, कृष्णप्रसाद धिताल, देव गुरुङ, श्रीराम ढकाल, सुरेश आलेमगर, धितराज पाण्डे, दिनानाथ शर्मा, पम्फा भुसाल, उर्मिला अर्याल, जयपुरी घर्ती, रेखा शर्मा, पूर्णकुमारी सुवेदी, यशोदा गुरुङ सुवेदी, पर्शुराम रम्तेल, महेन्द्र पासवान, गोपीबहादुर अछामी, दलजित विके सिरपाइली र वीरमान चौधरी छन् ।

खस आर्यबाट नारायण दाहाल, सूर्य सुवेदी, धिरेन्द्र शर्मा, नरबहादुर विष्ट, वसन्त शर्मा, केशव नेपाल, निर्मल आचार्य, जोखबहादुर महरा, देवराज रेग्मी, तारामान स्वाँर, देवराज रेग्मी, हरिराज अधिकारी, देवेन्द्र पराजुली र अच्युतम काफ्ले निर्वाचित भए ।

युवातर्फ विजय भण्डारी, दुर्गा चापागाईं, अनिल शर्मा र लालबहादुर सोडारी चयन भए । २५ जना खसआर्य महिलातर्फ आशा कोइराला, सीता पोखरेल, कल्पना धमला, गङ्गाकुमारी बेल्बासे, दामाकुमारी शर्मा, देवी खड्का, धर्मशिला चापागाईं, नारायणी शर्मा, वलावती शर्मा, विमला सुवेदी, रेणु चन्द, रेनु दाहाल, सत्या पहाडी, समिता कार्की, लक्ष्मी न्यौपाने, मञ्जु बम, कुन्ती जोशी, टीका बुढाथोकी, गोमा कुँवर, कालिका चलाउने, मुक्तिनी गौतम, हरिमाया शर्मा र मुक्ति चौलागाईं चयन भए ।

खसआर्य युवा महिलातर्फ यशोदा न्यौपाने, ओमकुमारी पौडेल, विमला सिंह, दीपन सिंखडा, गीता तिमल्सिना र कृष्णा शाह चयन भइन् । जनजातितर्फ ११ जनामा अजम्बर राई काङमाङ, रामकुमार राई, मानबहादुर बुढामगर, जीतबहादुर योन्जन, दीपेन्द्रकुमार पुन, तुलाराम घर्तीमगर, राजकाजी गुरुङ, परशुराम तामाङ, हितबहादुर तामाङ, दीलिप प्रजापति र छक्कबहादुर लामा चयन भए ।

चार जनजाति युवा केन्द्रीय सदस्यमा इन्द्रबहादुर आङ्बो, हेमकुमार राई, डम्बर घर्तीमगर र नविन जिरेल चयन भए । जनजाति महिला तर्फ अमृता थापा, ओनसरी घर्ती, कमला रोका, कुमारी मोक्तान, ताराकुमारी घर्ती, दुर्गा जयन्ती राई, पार्वती थापा, शशी श्रेष्ठ, लक्ष्मी लामा, सोमती तमु, होमकुमारी खापुङ, सीता थेबे, मणि खुम्बु किराती, पी घर्ती, लक्ष्मी पुन, मीना तामाङ, सरिता महर्जन, प्रतिमा श्रेष्ठ, उर्मिला लामा, लक्ष्मी गुरुङ, लालकुमारी पुन र माया बल छन् ।

जनजाति युवा महिलातर्फ विना मगर, आर तामाङ, ममता ताजपुरिया र कमला दोङ चयन भइन् । दलित समुदायबाट विष्णुबहादुर विक, यमबहादुर परियार र जगत पार्की चयन भए । दलित महिलामा ११ जनामा अञ्जना बिसङ्के, सुशीला श्रीपाईली, सीता बौडेल, मानकुमारी नेपाली, सीता नेपाली, धनमाया विक, लक्ष्मी विक, शान्ति नेपाली, गीता गहतराज, दुर्गाकुमारी विक र पम्फा बसेल छन् । दलित युवामा सुबोध श्रीपाइली तथा दलित युवा महिला पार्वती विक चयन भइन् ।

मधेसी समुदायबाट जगत यादव, शिवकुमार मण्डल र रामकुमार यादव चयन भए । मधेसी युवामा सुरेन्द्र मेहता तथा मधेसी महिलातर्फ बोधमाया कुमारी यादव र सुनिताकुमारी यादव चयन भइन् ।

थारु समुदायबाट सन्तकुमार चौधरी, हरिनारायण चौधरी र देवीलाल चौधरी चयन भइन् । थारु युवाबाट अमनलाल मोदी थारु र थारु महिलाबाट रुपा चौधरी, अञ्जना चौधरी, अञ्जु चौधरी, दीपा चौधरी र कृष्णा चौधरी चयन भइन् । मुस्लिम समुदायबाट हकिकुल्लाह मुसलमान र मुस्लिम महिलामा कौसर साह चयन भइन् । पिछडिएको क्षेत्रबाट नरेश भण्डारी, देवकी मल्ल र कुमार पौडेल चयन भए ।

## संकटमै...

दलहरुले भने अर्को वर्ष नियमित समयमा मात्रै चुनाव हुने बताइरहेको छ । यद्यपि एमालेको प्रयत्न भने संसद् बन्धक बनाउने देखिन्छ ।

संसदले राम्रो काम गरेमा एमालेको राजनीतिक एजेण्डा स्थापित नहुने भयका कारणले पनि ऊ पछि हट्न नमानेको प्रमाणित हुन्छ । कथं गठबन्धनमा समस्या देखिएमा पनि प्रतिनिधिसभा पूरा कार्यकाल नचल्ने अवस्था बन्न सक्छ ।

## रोकिएनन्...

गुरुङले पनि दोस्रो चरणमा देउवालाई समर्थन गरेका थिए ।

कुनैपनि पदमा उम्मेद्वारी नदिएका सिटौलाले महाधिवेशन अगाडि देउवासँग भाग लिएर साझेदारी गरेका थिए । महत देउवा प्यानलबाट महामन्त्रीमा पराजित भएका थिए ।

१३ पदाधिकारी १३४ सदस्यीय केन्द्रीय समितिमा देउवा प्यानलका नेताहरु दुई तिहाइ बढी निर्वाचित भएका थिए । बाँकी ३३ जना मनोनीत हुनेमा देउवाले १३ जना मनोनीत गरे । मनोनीत भएका सबै देउवालाई साथ दिने नेताहरु हुन् । ४० प्रतिशत मत ल्याएर सभापतिमा प्रतिश्पर्धा गरेका डा.शेखर कोइरालातर्फका नेताहरु भने देउवाले मनोनीत गरेका छैनन् ।

## एकीकृत....

सापकोटाले गठबन्धन भित्र सहमति भएमा आइतबार सार्वजनिक गरिएका उम्मेद्वारहरू फेरबदल गर्न वा हटाउन आफुहरू लचिलो रहेको र गठबन्धनका लागि उच्चस्तरीय पहल भइरहेको मध्यान्हलाई बताए । सापकोटा संगठनका वार्ता समितिका संयोजक समेत हुन् ।

केही समय अघि विभाजन भएको नेकपा एमाले निकट वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालसँग गठबन्धनका लागि कुनै पहल नभएको भन्दै सापकोटाले नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र संघीय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ गठबन्धनका आधारमा प्यानल बनाएर प्रतिस्पर्धामा उत्रने तयारी गरिरहेको बताएका छन् ।

उनले नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले वर्तमान सरकारमा सहकार्य गरिरहेका दल निकटका व्यवसायीको बलियो गठबन्धन बनाउन अग्रसरता लिनुपर्ने दायित्वबाट पन्छिन नमिल्ने टिप्पणी गर्दै आफुले गठबन्धनका लागि पहल जारी राखेको बताए । उनले भने, 'लोकतान्त्रिक एसोसिएसन बृहत गठबन्धनको दायित्वबाट भाग्न पाउँदैन ।'

संघीय समाजवादी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ अध्यक्ष अख्तर हुसेनले पनि गठबन्धनका आधारमा उम्मेदवारी तय गर्ने गृहकार्य भइरहेको बताए । उता नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले अन्तिम समयसम्म सहमतिको पहल गर्ने बताएको छ ।

मञ्चका तर्फबाट घटक पक्षहरूसँग छलफल र अन्तरक्रियाको जिम्मेवारी पाएका मञ्चका उपाध्यक्ष परमेश्वर अधिकारीले सहमतिमा नेतृत्व चयन गर्ने विषय नेपाली कांग्रेस निकट एसोसिएसनको भूमिकामा निर्भर रहेको भन्दै सहमति नभएको अवस्थामा मञ्चका अध्यक्ष राम प्रसाद भान्तनाको नेतृत्वमा सबैलाई मिलाएर लैजाने गरी बृहत गठबन्धन निर्माण गर्ने बताए । उनले त्यसका लागि एमाले निकट वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्चसँग पनि छलफल भइरहेको बताए ।

उता नेपाली कांग्रेस निकट एसोसिएसनमा अध्यक्ष र पदाधिकारीमा आकांक्षी धेरै भएका कारण सबैलाई मिलाउने भन्दै आइतबारदेखि पार्टीका प्रतिनिधि सुरेन्द्र पाण्डेले एसोसिएसनका पूर्वअध्यक्षहरू र उम्मेद्वारका आकाक्षीसँग छलफल शुरू गरेका छन् । मंगलबार साँझसम्म उम्मेद्वार सार्वजनिक हुन सक्ने एसोसिएसन श्रोतले बतायो ।

एसोसिएसनले संघको आगामी निर्वाचनमा एजेन्डाका आधारमा गठबन्धनका लागि खुला रहने निर्णय गरेको संघ तथा एसोसिएसनका पुर्व अध्यक्ष बिमल ढकालले मध्यान्हलाई जानकारी दिए ।

एसोसिएसनका तर्फबाट अध्यक्षका लागि संघका द्वितीय उपाध्यक्ष कमलदेव मल्ल, महासचिव सुजितकुमार श्रेष्ठ र पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरूङ, प्रथम उपाध्यक्षामा एसोसिएसनका वर्तमान अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने आकांक्षी देखिएका छन् ।

द्वितीय उपाध्यक्षमा राधिका कटुवाल, जनक खड्का, किशोर केसी आकांक्षी देखिएका छन् ।

महासचिवमा एसोसिएसनका पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्मा, हालका सचिव मेघनाथ भुर्तेल, सचिवमा एसोसिएसनका सचिव कमल काफ्ले, संघ कार्यसमिति सदस्य कर्ण बहादुर कटुवाल, प्रकाश बोहोरा, एसोसिएसनका सहसचिव अमिर बास्तोला, पूर्वकोषाध्यक्ष मोहन ढुंगेल लगायतको दाबी रहेको बताइएको छ ।


## भूल सुधार

मिति २०७८/०९/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगारको अवसर शिर्षक, कम्पनी: **Saraya Sara Sea Food Restaurant, L.T. No.: 254982** र चलानी नं.: ६०१७१५६२ को विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ पुस २३ गते **(7 Jan. 2022)** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

EQUATOR International Pvt. Ltd.
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल
Tel No: 014986469 / 014986470 | Mob. No: 9851096808, 98510-34986
Email: equator746@gmail.com | Website: www.equatorintl.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/१० मा दर्ता भएको **प्रा.लि. नं. १८४३४० को मल्ल निर्माण सेवा प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६५।०१।२४ मा दर्ता भएको **गार्निस होटेल एण्ड फेमिली रिसोर्ट प्रा.लि. नं. ५३०८६** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०९/१२ मा दर्ता भएको **प्रा.लि. नं. १०८४२७ को ए. एण्ड बि. अभियान मल्टिपर्पोज प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०९/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९/१९**

**पहिलो पाईला प्रि स्कूल प्रा.लि., भरतपुर म.न.पा.–८, चितवन**को मिति २०७८/०९/११ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **द क्याम्ब्रीज इन्टरनेशनल स्कूल चितवन प्रा.लि.,(प्रा.लि.नं.: १५१३०६), भरतपुर म.न.पा.–८, चितवन** कायम गर्ने गरी मिति २०७८/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगारको अवसर

कम्पनी : KHADIJA EID SALEM AL-OTOURI
शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०९/१८ | चलानी नं.: ६०१७१८२३ | LT. No.: 255414

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



## कतारमा रोजगारको अवसर

१. कम्पनीः KHALIFA STEEL INDUSTRIES W.L.L.
शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७७/१०/२० | चलानी नं.: ६०१५४३६३ | L.T. No.: 235927 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 22 | 0 | स. काममा दक्ष | 1000 | ३२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः UNO DELIVERY | शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/१८ | चलानी नं.: ६०१७१८१४ | L.T. No.: 254965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | स. काममा दक्ष | 1700 | ५५,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com



## साउदीमा रोजगार

१. कम्पनीः MARYAM MAJID BIN ALI AL KHALAF GENERAL CONTRACTING EST
शहरः AL HASA

पूर्व स्वीकृत मितिः २०७८/०९/१४ | चलानी नं.: ६०१७१५६३ | L.T. No.: 254589

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Amal Ali Bin Mohammad Mubarki Foundation For Automotive Service | शहरः Saudi

पूर्व स्वीकृत मितिः २०७८/०९/१६ | चलानी नं.: ६०१७१८१५ | L.T. No.: 255035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FISHTAIL OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1286/074/075
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com
Vikki pun magar (9851175775)



## साउदीमा रोजगार

१. कम्पनी : MOHAMMED AWAID AL-BATILI CONTRACTING EST
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/१८ | चलानी नं.: ६०१७१८१६ | LT. No.: 255126

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 2600 | ८२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MANSOOR A. AL-MARZOOQ CONT. EST | शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/१८ | चलानी नं.: ६०१७१८१६ | LT. No.: 255054

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | marketing Manager | 1 | 0 | | 2500 | ७९,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को नि:शुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Gulf Asia Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1278/074/075
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Phone: 01-4595065
Mobile No.: 9823001406, 9823001407 | Email : cvgulfasia78@gmail.com

# कोरोना संक्रमण फैलन नदिन पूर्वतयारी र सतर्कता बढाउन आग्रह

**काठमाडौं/मस–** स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले प्रदेश र स्थानीय तहलाई कोभिड-१९ तथा नयाँ भेरिन्ट ओमिक्रोन नियन्त्रणका लागि थप सर्तक भएर तयारीमा लाग्न आग्रह गरेको छ ।

महामारीको विश्वव्यापी जोखिम कायम रहेको र थप संक्रमक भेरियन्ट ओमिक्रोन नेपाल भित्रिएकाले थप सजग हुँदै तयारीमा लाग्नुपर्ने निर्देशक कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ । प्रदेश र स्थानीय तहका स्वास्थ्य निर्देशननालय तथा कार्यालयलाई भीडभाड हुन नदिने, मास्कको प्रयोग गर्ने, हात धुनेलगायत जनस्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गर्न भनिएको छ । समुदायमा जोखिम क्षेत्र (हटस्पट) पत्ता लगाएर एन्टिजिन किटद्वारा परीक्षणको दायरा बढाउन भनिएको छ । महामारीको जोखिम बढिरहेकाले महाशाखाले पहिचान भएका कोभिड-१९ केसको आइसोलेशन, उपचारलगायतको व्यवस्थापनमा समन्वय र सहयोग गर्न भनिएको छ । पहिचान भएका संक्रमितसँग सम्पर्कमा आएकालाई कन्ट्याक ट्रेसिङ गर्न र सीमा नाकामा रहेका प्रवेश विन्दुबाट प्रवेश गर्ने यात्रुको पोटोकलअनुसार परीक्षण तथा व्यवस्थापन गर्न भनिएको छ । खोप लगाउन छुटेका लक्षित वर्गको पहिचान तथा खोप प्रयोगमा वृद्धि गर्न महाशाखाले भनेको छ । घरमै होम आइसोलेशनमा रहेका र क्वारेन्टिनमा रहेकालाई निगरानी गर्न भनिएको छ ।



**२१६ संक्रमित थपिए**

आइतबार नेपालमा थप २१६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । आइतबार सात हजार ६३१ जनाको नमूना परीक्षण गरिएको थियो ।

यस्तै आइतबार नेपालमा २०९ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । यससँगै भाइरस संक्रमणमुक्त हुनेको संख्या आठ लाख १२ हजार ४१९ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । यससँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा संक्रमितको संख्या आठ लाख ८७ हजार २०६ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ४८ लाख ७० हजार ३२४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ३१ हजार ६१९ पुगेको छ । कूलमा संक्रमण दर १७ प्रतिशत छ । कोभिड विरुद्धको खोप लगाउनेको संख्या एक लाख ३३ हजार ८१२ पुगेको छ । हाल सक्रिय संक्रमितको संख्या चार हजार ९७१ छ । आइतबार कोरोनाबाट दुई जनाको मृत्यु भएको छ । यससँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५९६ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ । प्रतिशत १० लाख जनसंख्यामा मृत्युदर ३८१ दशमलव सात रहेको छ । हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा १९ र आइसियूमा ८३ जना रहेका छन् । होम आइसोलेशनमा चार हजार ७४७, संस्थागत आइसोलेशनमा २२४ रहेको छ । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौं र ललितपुर रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सुनसरी, भक्तपुर, कास्की, बाँके र कैलाली छन् । शून्य संक्रमित रहेका जिल्लामा सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार चार, ललितपुर ५८९ र भक्तपुरमा ४९७ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## भक्तपुरमा मानव अधिकार हननका घटना बढ्यो

**भक्तपुर/मस–** भक्तपुरमा सन् २०२१ मा मानव अधिकार हननका घटनामा बढेको पाइएको छ । सन् २०२१ जनवरी १ देखि डिसेम्बर ३१ सम्मका घटनाको अध्ययन गर्दा सन् २०२० को तुलनामा मानव अधिकार हननका घटना बढेका देखिएको हो ।




गत वर्ष हत्या, कुटपिट बलात्कार तथा बलात्कार प्रयास, बाल यौनशोषण तथा दुर्व्यवहार, बहुविवाहलगायत ३६६ मानव अधिकार हनन एवं ज्यादतीका घटना भएका थिए । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को जिल्ला शाखाले संकलन गरेको तथ्यांकअनुसार गत वर्ष सात जनाको हत्या भएको र छ जनाको हत्या प्रयास भएको थियो ।

त्यसैगरी बालिका १९ र महिला २४ गरी ४३ जनामाथि बलात्कार भएको र आठ जना बलात्कार प्रयासबाट पीडित भएको इन्सेक बागमती प्रदेशका कार्यक्रम संयोजक गणेश भण्डारीले जानकारी दिए ।

त्यस्तै बाल यौन दुर्व्यवहार बाट १०, बहुविवाहबाट ११ महिला पीडित भएका थिए भने मानव बेचबिखनबाट छ, घरेलु हिंसाबाट पाँच, आत्महत्या दुरुत्साहनमा तीन जना पीडित भएका थिए । गत वर्ष ५८ जनाले आत्महत्या गरेका थिए ।

भक्तपुर सानो जिल्ला भए पनि यो तथ्यांकलाई हेर्दा यहाँ बलात्कार, बलात्कार प्रयास, हत्या र आत्महत्या डरलाग्दोरूपमा बढेको जानकारी दिँदै उनले बलात्कार रोक्न, आत्महत्या रोक्न सुरक्षा निकाय र स्थानीय तहले वडावडामा सचेतना कार्यक्रम गर्नुपर्ने, मनोपरामर्शको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको बताए । सन् २०२० मा आठको हत्या भएको, ३२ बलात्कारका घटना भएका र घरेलु हिंसाबाट ४८ जना पीडित भएका थिए ।

यसबारे जानकारी लिँदा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले पछिल्लो समयमा ४० प्रतिशतले हिंसा बढेको बताउँदै घरभित्र हुने हिंसा बढ्दै गएको र १८ वर्षमुनिका बालिका बढी पीडित हुने गरेको जानकारी दिए । बहुविवाह र बालविवाहका कारण उनीहरुबाट जन्मिएका धेरै बालबालिका जोखिममा परेका र आफ्नो पहिचान पाउन नसकेको बताउँदै उनले मानव अधिकार संरक्षणका लागि घरघरै सचेत हुनुपर्ने बताए ।


**साउदीमा रोजगार | १. कम्पनी: HUNDRED GRAMS RESTAURANT TO SERVE MEALS**
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०९/१८ चलानी नं.: ६०१७१८१९ L.T. No.: 255025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ZITOTI CAR SERVICES EST
शहर : TABUK

पुर्व स्वीकृत मितिः २०७८/०९/१८ चलानी नं.: ६०१७१८२० L.T. No.: 255026

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np


## नक्कली परीक्षार्थी पक्राउ



**काठमाडौं/मस–** सशस्त्र प्रहरी बलमा रिक्त रहेको सशस्त्र प्रहरी जवान पदको खुल्ला प्रतियोगिताको लिखित परीक्षामा अर्काको नाममा परीक्षा दिँदै गरेका २ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका ६ बस्ने १८ वर्षीय निल कुमार अदै र धनकुटा जिल्लाको सहिदभूमी गाउँपालिका ५ बस्ने २७ वर्षीय सौहार्द राई छन् ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर ४ मुक्तिनाथ बाहिनी पोखराबाट दरखास्त फाराम बुझाएका दर्ता नम्बर ३१७१५ का सुनिल पुन मगरको स्थानमा अदै र सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बाहिनी पकलीबाट दरखास्त फाराम बुझाएका दर्ता नम्बर १४४२० का योगेन्द्र राईको स्थानमा नक्कली उम्मेदवार बनी परिक्षा दिन खोज्ने सौहार्द राईले परीक्षा दिने प्रयास गरेका थिए ।

हालै प्रकाशित विज्ञापन अनुसार खुल्ला प्रतियोगितद्वारा पदपुर्ती गरिने साधारण समुह साधारण उपसमुहतर्फ सशस्त्र प्रहरी जवान पदको लिखित परीक्षामा सशस्त्र प्रहरी बलको तर्फबाट 'थम्ब रिडर बायोमेटिक डिभाईस' प्रयोग गरी परिक्षार्थीहरुको एकिन गर्ने क्रममा नक्कली परिक्षार्थी प्रमाणीत भएको हो । पक्राउ परेका दुवै जनालाई आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीलाई बुझाइएको छ ।

## वीरगञ्जमा अवैध काठ बरामद

**श्याम कुशवाहा/मध्यान्ह**
पर्सा, १८ पुस

पर्साका विभिन्न स्थानबाट पछिल्लो दुई दिनयता अवैधरूपमा चोरी निकासी गरिएको काठ बरामद हुने क्रम बढेको छ । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीले राष्ट्रिय वनबाट अवैधरूपमा चोरी गरी घरमा राखिएको ६४.११ क्युफिट सालको काठ बरामद गरेको छ भने सबडिभिजन वन कार्यालय सबैयाको टोलीले नौ थान सालको गोलिया बरामद गरेको हो ।



प्रहरी निरीक्षक रामकाजी थापा नेतृत्वको गस्ती टोलीले वीरगञ्ज महानगरपालिकाको वडा नं ३२ टोल रामवन बस्ने आइते विक, नरबहादुर विक, अर्जुन खत्री, टीका पौडेल, गोपाल पौडेलको घरमा छापमारी ती काठ बरामद गरेको हो । सालको गोलाइ, चिरपट, चौकट, चिरान गर्ने दुईवटा मोटर मेसिन, साइकल, फर्निचर बनाउने सामानलगायत बरामद गरिएको प्रहरीले जनाएको छ ।

सबडिभिजन वन कार्यालय सबैयाको टोलीले नौ थान सालको गोलिया बरामद गरेको हो । नौ वटा साइकलमा लोड गरेर लैजाँदै गरेको अवस्थामा प्रहरी चौकी मिलनचोक अगाडिबाट सालको गोलिया बरामद गरेको सबडिभिजन वन कार्यालय पर्साका वन अधिकृत फरमान मियाँले जानकारी दिए । गोलिया ओसारपसार गर्ने क्रममा प्रहरीलाई देखेपछि साइकल र काठ छाडेर तस्कर फरार भएको उनको भनाइ छ । 'काठ कसले कहाँबाट ल्याएको हो' भन्ने सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## एकैपटक १० कर्मचारीको सरुवा, गाउँपालिकाको काम प्रभावित

**सुदूरपश्चिम/मस–** मदोगडाकेदार गाउँपालिकाका १० कर्मचारीको एकैपटक सरुवा भएको छ ।



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका कर्मचारीको काज सरुवाको निर्णय गरेसँगै यहाँका पाँच वडा सचिव, एक इञ्जिनीयर, दुई सव ओभरसियर, एक कम्प्युटर अपरेटर र एक आन्तरिक लेखा परीक्षकको सरुवा भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रवीन्द्र धामीले जानकारी दिए ।

स्थानीय तहमा कार्यरत र अपायक भएका कर्मचारीलाई निवेदनका आधारमा कामकाज गर्नेगरी अर्को स्थानीय तहमा खटाउने निर्णय गरेसँगै स्थानीय तहका कर्मचारीको सरुवा गरिएको हो । स्थानीय तहका कर्मचारीको सरुवासम्बन्धी कानूनी व्यवस्थाको अभावका कारण अहिले अन्तर स्थानीय तह कामकाजमा खटाइएको भनी निर्णय भएको जनाइएको छ ।

कर्मचारीको एकैपटक सरुवा हुँदा काम प्रभावित भएको गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले बताए । उनले भने, 'एकैपटक बढी संख्यामा कर्मचारीको सरुवा हुँदा सेवा प्रभावमा केही समस्या भएको छ ।'

कर्मचारी सरुवा भएसँगै यहाँका सात वडा पनि सचिवविहीन भएका छन् । गाउँपालिकामा रहेका आठ वडामध्ये वडा नं १ बाहेक अन्य सबै वडा सचिवविहीन भएका हुन् ।


**कतारमा रोजगार | १. कम्पनी: CHINA RAILWAY 18TH BUREAU GROUP WLL**
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७७/१२/०१ चलानी नं.: ६०१५५४३५ LT. No.: 237123 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 50 | 0 | | 1200 | ३८,२८० | | | | | | | |
| 3. | Plumber | 20 | 0 | | 1200 | ३८,२८० | | | | | | | |

२. कम्पनी: CHARIOT TRADING AND CONTRACTING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१५२ LT. No.: 252432 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७१,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 3 | 0 | | 2500 | ८१,४५० | | | | | | | |

४. कम्पनी: QATAR STEEL INDUSTRIES FACTORY W.L.L
शहर: Qatar

पुर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८४९ LT. No.: 250996 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | WELDER | 4 | 0 | | 1300 | ४२,३५४ | | | | | | | |
| 3. | BLACKSMITH | 1 | 0 | | 1300 | ४२,३५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com


## पत्रकार नानीराम नेपालका परिवारलाई सहयोग



**सिन्धुपाल्चोक/मस–** पत्रकार नानीराम नेपालको परिवारलाई प्रेस चौतारी नेपाल सिन्धुपाल्चोक शाखाले रु ११ लाख हस्तान्तरण गरेको छ । स्व नेपालको ४५ औं पुण्यतिथिमा सो रकमको चेक शनिबार हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा नेकपा (एमाले) बलेफी गाउँपालिका कमिटी र प्रेस सेन्टर नेपाल सिन्धुपाल्चोकले पनि उनको परिवारलाई सहयोग रकम हस्तान्तरण गरेको थियो । यसैगरी कार्यक्रममा रेडियो मेलम्चीको तर्फबाट रु २० हजार रकम रेडियोका अध्यक्ष डम्बर रसिक भारतीले हस्तान्तरण गरे ।

सो सभालाई नेकपा (एमाले) का नेता अरुण नेपाल, सरेश नेपाल, बलेफीका गाउँपालिकाका अध्यक्ष केदार क्षेत्री, बाह्रबिसे नगरपालिकाका प्रमुख निमफुन्जो शेर्पा, चौतारीका वरिष्ठ उपाध्यक्ष माधव नेपाललगायतले दुःख व्यक्त गर्दै परिवारमा पर्ने अप्ठ्यारोमा साथ दिनका लागि सँधै तयार रहने प्रतिबद्धता व्यक्त गरे ।

पत्रकार महासंघ र चौतारी सिन्धुपाल्चोक शाखाका सहसचिव नेपालको गत मङ्सिर २ गते ३१ वर्षका उमेरमा निधन भएको थियो ।


**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७६/०६/०५ गते कालिमाटी देखि कीर्तिपुरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको HSEB र B.ed को माइग्रेशन सर्टिफिकेट सहित अन्य कागजातहरु हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नामः प्रमिला कोइराला
रजिष्ट्रेशन नं.: ६५६४०५०३३
सम्पर्क नं.: ९८५१२२८२९५
ठेगानाः राँचुली-९, कालिकोट



**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
जरिएको जानकारी गराउछौं

सम्पर्क: **Hilton Academy** of Hotel Management & Culinary Arts
01-4951313 H/P 9851195684

## सम्पादकीय

# मुर्छित जनवाद

नेकपा माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन सकिएको छ । पुष्पकमल दाहाल प्रचण्डले आइतबार २३६ जना केन्द्रीय सदस्यको नाम घोषणा गरेपछि महाधिवेशन सकिएको हो । पुस ११ गते उद्घाटन भएको महाधिवेशनमा विभिन्न क्लस्टरबाट चयन भएका केन्द्रीय सदस्यहरूको नाम प्रचण्डले घोषणा गरेका थिए । अध्यक्ष सहित पदाधिकारी चयन हुन भने बाँकी छ । प्रचण्डले सोमबार बाँकी केन्द्रीय सदस्य सहित पदाधिकारी चयन हुने जानकारी दिएका छन् । 'समाजवादमा पुग्ने नेपाली बाटो' नामक वैचारिक–राजनीतिक प्रतिवेदन पारित गरेको महाधिवेशनले नेतृत्व चयनमा भने लोकतान्त्रिक अभ्यास प्रयोग गरेन । शुक्रबार निर्वाचन समितिले १७४३ प्रतिनिधिको नामावली प्रकाशन गर्दै नेतृत्व चयन प्रक्रिया अगाडि बढाएको थियो ।

तर निर्विरोध नेतृत्व चयन गर्ने भनेर निर्वाचन समिति तीन पटक स्थगित गरिएको थियो । निर्वाचन समितिले शुक्रबार राति नै उम्मेद्वारी दर्ता, उजुरी दर्ता, उम्मेद्वारी फिर्ता, अन्तिम मतदाता नामावली प्रकाशन र मतदानको तालिका सार्वजनिक गरेको थियो । नेतृत्वको हस्तक्षेप पछि निर्वाचन समितिले कार्यतालिका स्थगित गर्दै शनिबार दिउँसो १ बजेबाट प्रक्रिया अगाडि बढाउने जानकारी दिए । शनिबार पनि निर्धारित समयमा निर्वाचन प्रक्रिया अगाडि बढेन । फेरि आइतबारका निम्ति भन्दै निर्वाचन तालिका तय भयो । आइतबार भने प्रचण्डले केन्द्रीय कमिटीकै घोषणा गरिदिए, हलले ताली बजाएर अनुमोदन गरेको छ । जबकी माओवादीले पार्टीभित्र लोकतान्त्रिक अभ्यास गर्नेगरी विधान संशोधन गरेको थियो । तर विधान संशोधन भएपनि माओवादी नेतृत्व चयन हुने शैली भने बदल्न सकेन ।

यसअघि पनि माओवादीमा प्रचण्डले प्रस्ताव गर्ने नाम नै अनुमोदन हुने गरेको थियो । कतिसम्म भने २०७१ को विराटनगर सम्मेलनमा डा.बाबुराम भट्टराईले असन्तुष्टि जनाउँदा पनि उनी उपाध्यक्ष निर्वाचित भएका थिए । माओवादीभित्र लगातारको विभाजन र एकता प्रक्रियाका कारणले पनि लोकतान्त्रिक अभ्यास लागू हुन सकेको छैन । कम्युनिष्टहरूले जनवादी केन्द्रीयता मान्ने गरेको छ । त्यसको अर्थ हो– महाधिवेशनमा प्रतिनिधिहरूले अधिकार प्रयोग गरी नेतृत्व चयन गर्ने र चयन भएको नेतृत्वले पार्टी सञ्चालन गर्ने । तर २०६४ मा शान्ति सम्झौता गरी खुला राजनीतिमा आएको माओवादीले संविधानको भावना बमोजिम जनवादको प्रयोग गर्न सकेको छैन । आठौं महाधिवेशनमा पनि केन्द्रीयता हाबी भयो । यो लोकतान्त्रिक संविधान, मुलुक र व्यवस्थाका लागि राम्रो संकेत होइन ।

# प्रचण्डको प्रतिवेदन र खाडीका यूवा

प्रचण्डको प्रतिवेदनमाथि धेरै प्रश्न उठाइए । प्रश्नकर्ताहरुले बिगतसँग जोडेर प्रचण्डलाई चित्रण गरेका छन् । धेरैको प्रश्न यसअघि जस्तै प्रतिबद्धता जनाउने र बिर्सने त हुन्न भन्ने छ ।

अग्रलेख



● चन्दा थापा 'चन्द्रिका'

नेकपा (माओवादी केन्द्र)को महाधिवेशन चल्दै गर्दा धेरैले माओवादी पार्टी र पार्टीका नेताहरुको रुपान्तरणको विषय कोट्याए । बन्दसत्रमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राखेको ४५ पृष्ठ लामो '२१ औं शताब्दीमा समाजवादको नेपाली बाटो' नामक प्रतिवेदन पेश गर्दै आत्मआलोचना गरेको भएपनि धेरैले पत्याउन सकेनन् । प्रचण्डको प्रतिवेदनमाथि धेरै प्रश्न उठाइए । प्रश्नकर्ताहरुले बिगतसँग जोडेर प्रचण्डलाई चित्रण गरेका छन् । धेरैको प्रश्न यसअघि जस्तै प्रतिबद्धता जनाउने र बिर्सने त हुन्न भन्ने छ । यसअघि हेटौँडा महाधिवेशनमा गरिएका प्रतिबद्धताहरु बिर्सिएको कारण पनि धेरैले उनी र उनको नेतृत्वप्रति प्रश्न उठाएका हुन् । विश्व कम्युनिष्ट आन्दोलनका नेता माओले भनेजस्तै 'जीवनमा एकपटक पनि गल्ती नगर्ने कम्युनिष्ट जनावर हुने र पटक-पटक गल्ति गर्नेहरु पनि जनावर हुने' भनेजस्तै नेपाली कम्युनिष्ट आन्दोलनमा पनि नेतृत्वले पटक-पटक सच्चिने, सच्याउने बाचा गर्दै पुनः त्यहि गल्ति दोहाऱ्याइरहने भइरहेको छ र आगामी दिनमा पनि त्यस्तै हुनेछ ।



यहाँ देशमा दुई/दुई पटक प्रधानमन्त्री भइसकेका माओवादी केन्द्रका अध्यक्षको नेतृत्व र उनले देखाएका सपनाहरुको बारेमा चर्चा गरिएको छ । हुन त चाहेर पनि अनि नचाहेर पनि मुलुकको राजनीति प्रचण्डकै वरिपरी घुमिरहेको छ । यतिबेला महाधिवेशनको सेरोफेरोलाई लिएर पार्टीको आगामी कार्यदिशा कस्तो हुने भन्नेमा अध्यक्ष प्रचण्डलगायतका धेरै नेताहरुको विचार सार्वजनिक रुपमा बाहिर आइरहेका छन् । पार्टीका कार्यकर्तामात्र नभएर सिंगो देश र जनताले माओवादीले आफुले बिगतमा बोलेका कुराहरुको समिक्षा गर्ला भनेर प्रश्न उठाएका छन् । जनताको तमाम समस्याहरुका विषयमा माओवादीले कस्तो कार्यनीति ल्याउला ? के माओवादी साँच्चै रुपान्तरण भएर बाँकी रहेका आफ्ना एजेण्डाहरुलाई स्थापित गराउँलान् त भन्नेमा सबैको चासो छ ।

महाधिवेशनकै सेरोफेरोलाई लिएर अध्यक्ष प्रचण्डले दिएको एक अन्तरवार्तामा उनले बोलेका कुराले चसक्क मन खायो । हुन त अध्यक्ष प्रचण्डले चितवनमा गएर नयाँ घर बनाएर बस्छु, अहिले बसिरहेको घर छोड्छु, जनताको घरमा गएर उत्पादनमा जोडिन्छु, त्यो मैले पनि गर्छु अनि केन्द्रीय सदस्य तथा केन्द्रमा रहेका नेताहरु पनि गर्नेछन् उत्पादनमा जोडिनेछन् तथा श्रम गर्नेछन् जस्ता कुरा गरेका थिए । अध्यक्ष प्रचण्डले व्यक्त गरेको विचारमा प्रश्नकर्ताले सोधेका थिए, "दरबार हत्याकाण्डमा राजारानी मारिएपछि मलाई लाग्थ्यो अब यो देश कसरी चल्ला ? तर यो देश त चल्यो नि !" सोही प्रश्नको जवाफ दिँदै अध्यक्ष प्रचण्डले भनेका थिए, "मलाई अझै पनि जनताले यो देशको नेतृत्व प्रचण्डले गरिदियोस् भनेका छन् । अनि विदेशमा जाँदा जनयुद्धपछि रोजगारीका लागि विदेश पुगेका युवाहरुले "तपाईं क्रान्ति गर्नुस् हामी मारिन र मर्न तयार छौं" भनेर भन्दा मलाई साँच्चै साथ दिने धेरै छन् भन्ने लाग्यो", भनेका थिए ।

अध्यक्ष प्रचण्डको यो अभिव्यक्ति सुन्दा यो पंक्तिकारको आँखा रसायो ! प्रश्न गर्न मन लाग्यो, कमरेड, तपाईं त्यहाँ पुग्दा यहाँले टेकेका चिल्ला सडक, यहाँले देखेका अरबी महलहरु तिनै नेपाली पसिना र रगतले सिंचिएर बनेका हुन् । तिनै रगत र पसिना बगाउनेहरु यो धर्तिमा कति छन्, छैनन् त्यसको अभिलेख नत तपाईंको पार्टीले नत नेपाल सरकारले नै राख्न सकेको छैन । अभिलेख राखेपनि उनीहरुले पठाएको रेमिट्यान्स कहाँ सदुपयोग भन्ने खोजी भएको छैन । उनीहरुको रेमिटेन्स राज्यले उनीहरुका भावि सन्ततीको सुखद भविष्यका लागि के-के ठोस योजना बनायो भन्ने पनि छैन ।

> माओवादी महाधिवेशनमै प्रवासबाट उपस्थिति प्रतिनिधिले प्रवासमा रहेका कार्यकर्ता तथा नेपालीका बारेमा दस्तावेज मौन रहेको र भारतका नेपालीका विषयमा झन केही नबोलेको भन्ने आवाज उठाएका थिए । साथै देशमै केही गर्छु भनेर फर्किएका मजदुर तथा सीप सिकेर, उच्च शिक्षा हासिल गरेर फर्किएकाहरुलाई यो देशका लागि कसरी प्रयोग गर्ने भनेर स्पष्ट खाका नआएको उनीहरुको गुनासो थियो । पार्टीका नेता र कार्यकर्तालाई उत्पादनमा जोड्ने भनिए पनि विदेशबाट फर्किएकाहरुलाई प्रचण्डले ठोस रुपमा सम्बोधन गरेनन् ।


खाडी मुलुकमा पसिना र रगत बगाएर जोहो गरेर पठाएको रेमिट्यान्सले गोरखपुरको प्याज र चीनको स्याउ अनि अमेरिकाबाट चामल कति आयो भनेर भन्सार विभागले हरेक महिना सार्वजनिक गर्ने रेकर्डले बताइरहेको हुन्छ । परिवारबाट बिछ्डिएको पीडाको हिसाब त बेग्लै छ । त्यो बीचमा उसले पठाएको रेमिट्यान्स केवल गोरखपुरको प्याज र चीनको स्याउ र अमेरिकाको चामल किन्नका लागि मात्र खर्च भइरहेको हुन्छ । यो राज्यले निःशुल्क शिक्षाको व्यवस्था गर्न नसक्दा अनि राज्य नियन्त्रणमा रहेको सरकारी स्कुलहरुमा आशा लाग्दो र भरपर्दो शिक्षा नहुँदा त्यो रेमिट्यान्स झण्डै आधाउधी उसको पढाई र श्रीमतीको औषधिकै लागि खर्च हुने हुँदा रेमिट्यान्स केवल जीवन निर्वाहमै सकिएको छ भन्दा फरक नपर्ला । अपवादका रुपमा केहीले बस्नका लागि क्रंकिटको घर ठड्याए होलान् तर, उक्त घरले उसले खोजेको सुख दिएको छैन ।

हो त्यहि हालत छ, खाडीका देशमा, यो देशका लागि मर्न र मार्न तयार बनाएका युवाहरुको हालत । प्रचण्डले भनेजस्तो ती युवाहरुमा भएको उर्जा र साहस अब देशका लागि नभएर परिवारको खर्च जोहो गर्नका लागि खर्च भइरहेका छन् । विस्तारै त्यस्ता उर्जा र शक्ति मन मष्तिस्कबाट हराउँदै ती उर्जा प्रवाह हुने नशा नशा सुक्न लागिरहेका छन् । जसले यो देशको परिवर्तनका लागि बन्दुक बोक्यो उनीहरु अहिले खाँडीमा बेल्चा बोकिरहेका छन्, सडकमा गाडी कुदाइ रहेका छन् कतिपय छापामार युवतीहरु अरबी मालिकको घरमा भाडा धुने र भूँइ पुछ्ने काम गरेर छोराछोरी पढाउनका लागि खर्चको जोहोसमेत गरिहेका छन् । यता देशको अस्थिर राजनीतिक अवस्था, अझै पनि यहि रोजगारी गरेर छोराछोरी पाल्न सकिन्छ भन्ने वातावरण तयार नभइसकेको अवस्थामा बरु खाडीमै रहेर पनि जीवन निर्वाह गर्ने योजनामा रहेका उनीहरु कसरी नेपाली समाज रुपान्तरणको क्रान्तिमा सहभागी हुन सक्लान एकपटक सोच्नुहोस् त ?

माओवादी महाधिवेशनमै प्रवासबाट उपस्थिति प्रतिनिधिले प्रवासमा रहेका कार्यकर्ता तथा नेपालीका बारेमा दस्तावेज मौन रहेको र भारतका नेपालीका विषयमा झन केही नबोलेको भन्ने आवाज उठाएका थिए । साथै देशमै केही गर्छु भनेर फर्किएका मजदुर तथा सीप सिकेर, उच्च शिक्षा हासिल गरेर फर्किएकाहरुलाई यो देशका लागि कसरी प्रयोग गर्ने भनेर स्पष्ट खाका नआएको उनीहरुको गुनासो थियो । पार्टीका नेता र कार्यकर्तालाई उत्पादनमा जोड्ने भनिए पनि विदेशबाट फर्किएकाहरुलाई प्रचण्डले ठोस रुपमा सम्बोधन गरेनन् । कोरोना महामारीलगायत विविध कारणले विदेश छोडेर स्वदेश फर्किएका नेपाली युवाहरुलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा अध्यक्ष प्रचण्डको दस्तावेजले बोलेको पाइँदैन । यतिबेला उनीहरु राज्यको कुनै सहुलियत नलिएर पनि आफ्नो माटोमा पसिना बगाउँदा खुसी छन् । तर, त्यो खुसी राज्यको सहयोग बिना दिगो रहन सक्दैन । त्यसका लागि माओवादी पार्टी मात्रै नभएर राज्य तथा अन्य दलहरु पनि चिन्तित रहन जरुरी छ र यसबारे स्पष्ट खाका बनाउन जरुरी छ ।


देशमै ५० हजार मात्र कमाउन सकिने रोजगारीको ग्यारेन्टी भएमा र आफुले सिकेको सीप प्रयोग गर्ने ठाउँको ग्यारेन्टी भएमा युवाहरु आफ्नो देश बनाउन अवश्य फर्किनेछन् र अध्यक्ष प्रचण्डले भनेजस्तै देशको परिवर्तनका लागि अनि भावि पुस्ताको उज्जल भविष्यका लागि मार्न र मर्न तयार हुनेछन् । तर, त्यसको लागि अध्यक्ष प्रचण्डकै पार्टीले उनीहरुको जीवनस्तर माथि उकास्ने र परिवारसँग बस्न पाउने वातावरण बनाउने जिम्मा लिन जरुरी हुन्छ । जसले १० वर्षे जनयुद्ध समग्र नेपाली जनताको शिक्षा, स्वास्थ्य, गाँस, बास र कपासको जोहोका लागि लडेको थियो । ती मुद्दाहरु अझै पनि थाँती रहेकाले अब त्यसलाई गम्भीर भएर सोच्न आवश्यक रहेको छ । अन्यथा बाबुपछि, छोरा र छोरापछि नाति पुस्ता अरबको तातो मरभूमिमा पुगेर पसिना बगाउने प्रथाको अन्त्य हुने छैन । र, त्यो अन्त्य नभएसम्म अध्यक्ष प्रचण्डले सोचेजस्तो लाखौ युवाले यो देशको परिवर्तनमा सहभागी हुनका लागि तयार हुने सौभाग्य पाउने छैनन् ।

## सामाजिक सञ्जाल




- अर्पना क्षेत्री

अन्य दलहरूको महाधिवेशनमा नेतृत्वमा को आउँछ भन्ने विषयले मात्र प्रथमिकता पाउँदा, माओवादीको महाधिवेशनमा पार्टीले अबलम्वन गर्ने मार्गदर्शन, नेताहरूको कार्यशैली र विगतको समिक्षा जस्ता विषयले महत्व पायो । यसलाई दलिय व्यवस्थामा दल र नेतृत्वले गरेको सुधारको सकरात्मक कदमको रूपमा लिनुपर्दछ ।




- निरञ्जन अधिकारी

स्तरहीन रासायनिक मल नेपालमा आपूर्ति सजिलोसँग हुने हुँदा ठेक्कामा ठुलो चलखेल हुने कुरा पुष्टि भएछ । अब नेपालमा आयात हुने रासायनिक मलहरूको नियमित परीक्षण स्वतन्त्र प्रयोगशालाहरूबाट गर्नुपर्छ अनि मात्र गरिब नेपाली किसानहरू ठगिन बाट जोगिनेछन् ।




- विष्णु पोखरेल

२०४६ सालपछि सम्पूर्ण निर्वाचित सांसदहरू, मन्त्री, प्रधानमन्त्री संवैधानिक निकायदेखि लिएर शाखा अधिकृतसम्मको सम्पत्ति छानबिन गरौं, सरकारी वकिल, न्यायाधीश, प्रधानन्यायाधीश सरकारी तहमा उच्च स्थानमा बसेका हरेक व्यक्तिको सम्पत्ति छानबिन गरौँ । ५५ अर्बको १० गुणा सम्पत्ति निस्कन्छ । राष्ट्रिय गरौवका आयोजना बनाउने पैसा यहीँबाट पुग्छ ।



- धर्मा पौडेल

अघिल्लो सरकारले लिपुलेक कालापानी समेटेर नक्शा छाप्दा, हाम्रो भूमि फिर्ता गराई छाड्छौं भन्दा नक्कली राष्ट्रवाद देख्ने यो सरकार भारतले फेरि नक्शा छापिसक्यो तर, बोल्दैन । सक्कली राष्ट्रवाद कस्तो हुन्छ देखाइदिए हुने, हामी जनता सक्कली राष्ट्रवाद हेर्न आतुर छौ ।



- कृतिका तिमिल्सिना

अहिलेको परिस्थितिमा कोटा प्रणाली जातको आधारमा हैन गरिबीको आधारमा हुनुपर्छ किनकी सुनको सित्री लगाएको दलित मानिस छात्रवृत्ति लिन जाँदा गरिब बाहुन छेत्री टुलुटुलु हेरिरहन्छन् । अनि फेरि तिनै छात्रवृत्ति लिन गएको व्यक्तिलाई उनीहरूको जातले बोलाउदा कसरी नराम्रो भयो ?

# संघ नेतृत्वको आगामी कार्यभार र वैदेशिक रोजगार

कोरोना महामारीसँगै वैदेशिक रोजगारको व्यवसायीक क्षेत्र पनि निकै समस्याग्रस्त बनेको छ । यो परिस्थितिमा कोरोनासँग जुधेर परिवर्तित माहौलअनुसार हामी कसरी अगाडि बढ्ने, प्रश्न गम्भीर बनेर उठेको छ । व्यवसायीका अगाडि कसरी कामदार, दाजुभाइ र दिदीबहिनीहरुलाई सुरक्षित र स्तरीय वैदेशिक रोजगारको गन्तव्यमा कसरी पुऱ्याउने, भन्ने सवाल सबैभन्दा महत्वपूर्ण बनेर आएको छ । यो प्रमुख सवालतर्फ नेतृत्वको आकांक्षीले निकै ध्यानपूर्वक सोंच्न आवश्यक छ ।

टिप्पणी



● प्रज्ञान न्यौपाने

वैदेशिक रोजगार क्षेत्र दिन प्रतिदिन खस्किँदो अवस्थामा छ । फ्री भिसा र फ्री टिकटको तरवार आम व्यवसायीको गर्धनमाथि झुण्ड्याइएको अवस्था छ । यहीबीचमा फेरि हामी नयाँ नेतृत्व चयनको विषयमा केन्द्रित हुँदै छौं । हो चुनावी प्रस्तिस्पर्धा लोकतान्त्रिक प्रकिया हो, जसलाई हामीले अन्यथा लिन हुँदैन । तर संस्थाको गरिमा, व्यवसायीको सुरक्षा यो बेला जोगाउन पर्ने दायित्व हामीमाझ छ । हाम्राबीच सबै पार्टी निकटका संस्थाहरु पनि छन् । चुनाव लड्ने बेला आ-आफ्ना झण्डा लिएर चुनाव त लडौँला । चुनावी प्रतिस्पर्धामा कसैले जितौँला, कसैले हारौँला । अझ कसैले त फोटो पनि झुण्ड्याउँला । त्यही फोटो झुण्ड्याएर मात्रै सबै व्यवसायीको हक, हित र व्यवसायिक सुरक्षा होला र ? प्रश्न सबै व्यवसायीको बीचमा गम्भीर बनेर उठेको छ ।

हाम्रो पेशागत संघ, जो आम वैदेशिक रोजगार व्यवसायीहरुको छाता संस्था हो, जुन समयको मागअनुसार एक्काईसौं शताब्दीको विश्व बजारसँग प्रतिस्पर्धाको क्षमता राख्ने हुनु आवश्यक छ । जस्तो कि लामो समयदेखि कोरोना महामारीले विश्व आक्रान्त छ । तर, के अब कोरोनाको नाममा व्यापार व्यवसाय नै नगरी हात बाँचेर बसिरहने ? कि कोरोनासँग जुधेर परिवर्तित माहौलअनुसार सामना गर्दै नेतृत्वले नयाँ व्यवसायिक बाटो र तौर तरिका देखाउने ? कसरी हाम्रा कामदार, दाजुभाइ र दिदीबहिनीहरुलाई सुरक्षित र स्तरीय वैदेशिक रोजगारको गन्तव्यमा पुऱ्याउन सकिन्छ ? यो प्रमुख सवालतर्फ हामीले सोच्नु जरुरी भएको छ ।

के हामी अहिलेको दौरानमा सबै मिलेर जान सक्ने ठाउँ खोज्न सक्छौं ? सबै पार्टी क्षेत्रीय संघ सस्था एक ठाउँमा हुन सक्छौं ? यदी सक्छौं भने एक पटक बहस गरौं । सधैंको लागि वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित बनाउँदै आँखामा आँखा जुधाएर हाम्रा छोरा नातीसम्मले यो व्यवसाय गर्ने सोँचका साथ अघि बढौं । व्यवसाय संस्था बच्यो भने राजनीति त पछि गर्दै गरौंला ! अहिले हाम्रो व्यवसायसँग सम्बन्धित विभागीय मन्त्री पनि यस क्षेत्रलाई दिर्घकालिन रुपमै व्यवस्थित बनाउन सकारात्मक हुनुहुन्छ । उहाँले व्यवसायी र आम नागरिकका भावनालाई मध्यनजर गर्दै कदमहरु अगाडि बढाइरहनु भएको छ । यता प्रधानमन्त्रीज्यूलाई पनि अहिलेको अवस्थाबारे निकै राम्रो ज्ञान छ ।

राज्य र सरोकारवाला सबैलाई 'कन्भिन्स' गर्ने जिम्मेवारी हामी व्यवसायीक नेतृत्व कै हो । त्योभन्दा पहिले आम व्यवसायीको एकै स्वर, एकै मत हुनु आवश्यक छ । हामीले सबै मिल्यौं भने नै यस क्षेत्रलाई दिर्घकालीन रुपमा व्यवस्थित बनाउन सक्छौं । राज्यले बनाएको मापदण्डअनुसार यस क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन सक्छौं । तर, समय छँदै हामीले सोंचेनौं भने यस क्षेत्रलाई व्यवस्थित बनाउन गाह्रो हुन्छ । मेरो सबैलाई अनुरोध छ हामी समय छँदै सोचौं, यसलाई दिर्घकालिन रुपमै व्यवस्थित बनाउन जुटौं ।

***(लेखक न्यौपाने करिब डेढ दशकदेखि वैदेशिक रोजगार व्यवसायमा सक्रिय व्यवसायी हुन् ।)***

# खुसी हुँदै कालिन्चोक घुम्न आएका पर्यटक दुखी हुँदै फर्किए



**धनराज तामाङ/मध्यान्ह**
दोलखा, १८ पुस

दोलखाको ऐतिहासिक एवं पर्यटकीय गन्तव्यको रुपमा विकसित कालिञ्चोक क्षेत्रमा अंग्रेजी नयाँ वर्षको पहिलो र दोस्रो दिन गरी लाखौं पर्यटकको आगमन भएको छ। कालिञ्चोक भगवती माईको दर्शन गरी पुण्य प्राप्त गर्न र हिउँ खेल्न आन्तरिक तथा बाह्य गरी दुई दिनको समयमा असी, नब्बे हजार हाराहारीमा पर्यटकहरु आएका थिए ।

कालिन्चोकमा गएको बिहिबारदेखि लगातार परेको अविरल हिउँदे वर्षाले गर्दा करिब ३४ सय उचाईमा रहेको यस क्षेत्रमा तीन फिट हिउँ परेको थिए भने निकै मनमोहक दृश्यका साथ पर्यटकहरु खुशी थिए । तर यहाँको स्थानीय व्यवसायी तथा गाडीवालाहरुको व्यवहार भने नमिठो लागेको भारतको हैदराबादबाट घुम्न आएका अरुणराज सिंले मध्यान्हलाई बताए ।

स्थानीय स्तरमा रहेका होटलहरुले जथाभावी रुपमा रकम लिएको र प्याकेजमा नआएकाहरुलाई निकै मारमा पारेको पर्यटकहरुले गुनासो गरेको पाइन्छ। दोलखाको पर्यटकिय स्थलहरु धेरै छन् घुम्ने रहर अथाह रहेपनि कालिञ्चोक घुम्न आएकै दिन यहाको स्थानिय हरुको व्यवहारले गर्दा घुम्न ब्यर्थ आएको आन्तरिक पर्यटक काठमाडौं घर भएका सुमन श्रेष्ठले बताए ।

प्रशासनको कम्जोरी तथा ट्राफिक प्रहरिको व्यवस्थापन फितलो भएको समेत पर्यटकहरुले गुनासो गरेका छन् । त्यसै कारण होटल र बोलेरो गाडीले मनलाग्दी शुल्क लिएर मनोमानी गरेको फोटोग्राफर एरेस निरौलाले बताए ।

होटलहरुले मनपरी गरिरहेको अवस्थामा होटल संघलेसमेत कुनै चासो नदेखाएको पर्यटकहरुको गुनासो छ । त्यसैकारण दोलखा कालिन्चोक घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकहरु दुखी हुँदै फर्केका हुन् ।

सरोकारवाला निकाएको कुनै उपस्थिति नदेखिएपछि दोलखाका स्थानीय युवाहरुले रातको समयमा आपतमा परेका करिब ५४ जना पर्यटकको उद्धार गरिएको उद्धारमा संलग्न रहेका समाजसेवी रविन तामाङ, चरित्र थापा, संगम लामाले मध्यान्हलाई बताए ।

कालिन्चोकमा बाक्लो हिमपात परेपछि रमाउन आएका पर्यटहरु ठाउँ ठाउँमा बाटो मर्मत जारी रहेका कारण पनि कष्ट पुर्ण यात्रा भोग्नु परेको भिमेश्वर नगरपालिकाका मेयर भरत केसीले बताए । अबको केही समय पश्चात बाटो राम्रो हुने र यात्रामा सहज हुने उनले जानकारी दिए ।

हिउँकै कारण गाडी चिप्लिने र सीमित बोलेरोको टायरमा साङ्ली चेन लगाएर मात्र सहज यात्र गर्न मिल्ने भएकाले पनि यात्रा केही कठिन भएको प्रशासनले स्वीकार गरेको छ ।

# जुवाको खालबाट नगद २ लाखसहित जनप्रतिनिधि र कर्मचारी पक्राउ



**अर्जुन बिष्ट/मध्यान्ह**
जाजरकोट, १८ पुस

जाजरकोटमा जुवाको खालबाट नगद दुई लाख रुपैयाँ नगदसहित जनप्रतिनिधि र कर्मचारी पक्राउ परेका छन् ।

भेरी नगरपालिका ४ गैरीखोलास्थित स्थानीय सन्तोष श्रेष्ठको घरबाट जाजरकोट प्रहरीले जुवातास खेलिरहेका जनप्रतिनिधि र कर्मचारीसहित १३ जनालाई पक्राउ गरेको हो ।

जिल्लाको भेरी नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत देव बहादुर घर्ती र नेपाली काँग्रेसका भेरी नगरपालिकाका नगर सभापति एवं निर्वाचित जनप्रतिनिधि ६ नम्बर वडा अध्यक्ष शशी बुढासहित १३ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटबाट खटिएको प्रहरी टोलीले श्रेष्ठको घरको कोठाभित्र अवैधरुपमा जुवातास खेलिरहेका सरकारी कर्मचारी र जनप्रतिनिधि सहित १३ जना जुवाडेलाई पक्राउ गरेको हो । प्रहरीको विशेष स्रोतका अनुसार आइतबार बिहान ३ बजेतिर अवैध तवरबाट जुवा खेलाईरहेको सूचना प्रहरीलाई प्राप्त भएको थियो ।

प्रहरीका अनुसार पक्राउ पर्नेहरुमा जाजरकोट भेरी नगरपालिका, वडा नं ५ बस्ने ४२ वर्षको दल बहादुर घर्ती, सोहि नगरपालिका वडा नं ४ बस्ने ४६ वर्षको प्रचण्ड जंग शाह, वर्ष २७ को प्रभात केसी, वर्ष ३३ को सन्तोष श्रेष्ठ, वर्ष २७ को निराजन भडेल, वडा नं ८ बस्ने वर्ष २५ को जिवन खत्री, वडा नं ६ बस्ने वर्ष ३४ को सशिराम बुढा, छेडागाड नगरपालिका वडा नं १३ बस्ने वर्ष ४२ को कर्ण बहादुर खड्का, सोही नगरको वडा नं ५ बस्ने वर्ष ३६ को प्रकाशमान सिंह ,वडा नं १० बस्ने वर्ष ३६ को प्रशुराम गिरी, कुशे गाउँपालिका ९ बस्ने वर्ष ४८ को दिकपाल आर सी, रुकुम पश्चिमको चौरजहारी नगरपालिका वडा नम्बर ६ बस्ने वर्ष २० को विकाश वि.क र वडा नम्बर ३ बस्ने वर्ष ३० को बालकृष्ण बुढाथोकी रहेका छन् ।

पक्राउ परेकाहरुको साथबाट तास ५२ पत्ति, तास खेल्न प्रयोग गरिएको मण्डी थान २, विभिन्न कम्पनीका मोबाइल र जम्मा नगद २ लाख ५२ हजार एक सय २० रुपैयाँसमेत बरामद गरिको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी प्रमुख मधुकुमार थापाले मध्यान्हलाई जानकारी दिए । पक्राउ परेका १३ जनालाई जुवा ऐन अन्तर्गत कारबाही गरिने प्रमुख थापाले बताए । उनीहरु माथि थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी : RAWAAT AL- WASA LAUNDRY — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७०८ — LT. No.: 255024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry And Ironer Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : STERILIZATION SHIELD FACTORY FOR INDUSTRY — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७११ — LT. No.: 254925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintenance Mechanic Assistant | 2 | 0 | स. काममा दक्ष | 2500 | ७९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : KHALAF BIN ABDULLAH BIN HAMDAN AL SHARARI FACTORY FOR CEMENT PRODUCTS — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७०९ — LT. No.: 254949

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : LUXURY APARTMENTS FOR FURNISHED APARTMENTS — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७०७ — LT. No.: 255166

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Service | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : TUWAIRESH MUSFIR AL DOSSARY EST — शहर : Hofuf
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७०५ — LT. No.: 254951

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 10 | 0 | | 1800 | ५६,८८० | | | | | | | |

६. कम्पनी : AL-MADEED CONTRACTING EST — शहर : Dammam
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७०६ — LT. No.: 255167

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : Suwaid Bin Samhan Al Dossary Equipment Rental Est — शहर : Dammam
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७१२ — LT. No.: 255179

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Mechanics Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनी : MANSOUR MOHAMMED SHABAB AL SHEHRI GENERAL CONTRACTING EST — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७१० — LT. No.: 255335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: MY BEAUTIFUL VISION MAINTENANCE EST. — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ — चलानी नं.: ६०१७१७२९ — L.T. No.: 254920

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ATTIA ALLAH THABET AL SOBHI TRANSPORTATION EST. — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ — चलानी नं.: ६०१७१७३१ — L.T. No.: 255085

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ZAHRA MOHAMMED AL-ABBAD CONTRACTING EST. — शहर: AL HASA
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ — चलानी नं.: ६०१७१७३२ — L.T. No.: 254921

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## कुवेत र कतारमा रोजगार

१. कम्पनी : VIM CATERING COMPANY W.L.L. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७१७ — LT. No.: 255122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chefs | 8 | 0 | सम्बन्धित काममा दक्ष | 280 | १,०९,८२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 40 | 0 | | 85 | ३३,३४० | | | | | | | |
| 3. | Helpers (Indoor) | 20 | 0 | | 85 | ३३,३४० | | | | | | | |
| 4. | Labour | 20 | 0 | | 95 | ३७,२६२ | | | | | | | |
| 5. | Sue Chef | 10 | 0 | | 180 | ७०,६०३ | | | | | | | |

**अन्तर्वार्ता नाइल ट्रेडिङ सेन्टर, सिनामंगल ९, काठमाडौंमा २०७८ पुस ३० देखि माघ १० गते सम्म (14 to 24 Jan. 2021) मा हुनेछ ।**

२. कम्पनी : MERIR FURNITURE — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१७१८ — LT. No.: 255322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ८१,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको रु १०,०००/- कतारको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फस्ट ग्रोथ वर्ल्डवाइड इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३३/०४८/४९
पो.ब.नं. ५९११, शान्तिनगर-३४, नयाँबानेश्वर, काठमाडौं, नेपाल । फोनः ४१०७७८०, ४१०७७९८, ४१०७६०५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Abdul Rauof Al Sinan Co. And Partner Promise Company's Factory For Readymix Concrete — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ — चलानी नं.: ६०१७१७४६ — L.T. No.: 253732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Vehicle Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## Qatar मा रोजगार — The Diplomatic Club

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean. Worker | 29 | 03 | [illegible] | 1000 | ३२,६८१/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | [illegible] |
| 2 | Waiter | 0 | 03 | | 1400 | ४५,७४५/- | | | | | | |

अन्तर्वार्ता २०७८ पौष २६ गते (Jan. 10, 2022) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४४५५५०, ४४३०००३

## कतार र कुवेतमामा रोजगार

१. कम्पनी : BOISHAKHI RESTAURANT — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०७/२६ — चलानी नं.: ६०१६७२७९ — L.T. No.: 250341 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 6 | 0 | स. काममा दक्ष | 1400 | ४५,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AROUSS AL BAHAR DENTAL CENTER — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/१८ — चलानी नं.: ६०१७१७३८ — L.T. No.: 255388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dental Nurses | 0 | 8 | सम्बन्धित काममा दक्ष | 350 | १,३७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hygienist | 0 | 3 | | 380 | १,४८,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क कुवेतको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्सः ४६२२४३६

## बहराईनमा रोजगार

कम्पनी: AL REEM GATE CONSTRUCTION — शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०७८/०९/१६ — चलानी नं.: ६०१७१६०९ — LT. No.: 253332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३१,४६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 10 | 0 | | 130 | ४०,९०७ | | | | | | | |

**अन्तर्वार्ता केएल महल, चितवन भरतपुरमा २०७८ पौष २७ गते (11 January 2022) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २८ गते (12 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9841205934
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com

## UAE मा रोजगार

कम्पनी: CLASSIC METALLIC SHEETS FACTORY LLC, UAE
पूर्व स्वीकृत मितिः २०७६/११/१९ — चलानी नं.: ६०१५२८३७ — LT. No.: 234429 — पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Machine Tool Operator | 2 | 0 | | 1300 | ४१,९९० | | | | | | | |
| 3. | Welder | 3 | 0 | | 1500 | ४८,४५० | | | | | | | |
| 4. | Turner | 4 | 0 | | 1300 | ४१,९९० | | | | | | | |
| 5. | Information Clerk | 2 | 0 | | 1500 | ४८,४५० | | | | | | | |
| 6. | Spary Painter | 3 | 0 | | 1300 | ४१,९९० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ पुस २६ गते (10 January 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En

# रुद्रबहादुर : जो ४५ वर्षदेखि ह्विलचियरबाटै चियाउँछन्, खुसीको संसार



मुना खड्का/मध्यान्ह
काठमाडौं, १८ पुस

भनिन्छ, जन्मिँदा कसैको सपना हुँदैन । न त कुनै उद्देश्य हुन्छ । जब बाल्यकालबाट जीवन हुर्कंदै जान्छ तब सपनाहरुले आकार लिँदै जान्छ । हरेक मानिसको आफ्नौ सपना भएजस्तै रुद्र बहादुर लामिछानेको पनि आफ्नै सपना थियो । सोलुखुम्बु गोली गाउँपालिकामा जन्मिएका लामिछाने पन्ध्र वर्षको हुँदा आफ्नो सपना टुटेको बताउँछन् ।

तीन दाजु र पाँच दिदीबहिनीबीच घरका कान्छा छोरा उनी गाउँपाखामा घाँस दाउरा र पिपिरेको बाजासँगै रमाएका लामिछाने अहिले बाँकी जिन्दगी ह्विलचियरमा बिताइरहेका छन् ।

बुबा बाल्यकालमै गुमाएका लामिछानेले आर्थिक आभावकै बीचतीन कक्षासम्म अध्ययन गरे । रोजगारीको शिलशिलामा धनगढी हिडेका रुद्र बहादुर अल्मलिँदै राजधानी आइपुगे । काममा लगाइदिने भन्दै दलालले सबै पैसा लुटे पछि भौतारिदै रत्नपार्कको एक होटलमा भाडा माज्ने काम पाए ।

होटलको साहुले काम गर्दै पढाईदिने आश्वासन दिएपछि उनी कामसंगै बिद्यालय जान थाले । गाउँबाट आमा बिमार परेको थाहा पाएपछि हत्तपत्त उनी काठमाडौंबाट सोलुखुम्बु लागे । खासमा आमा सकुशल हुनुहुँदो रहेछ । उनले हाँस्दै भने, 'आमाको मन त हो, छोरा छोरीबाट टाढा भै कहाँ बस्न सक्छ र ? आमाले मलाई हेर्न मन लागेर बोलाउनु भएको रै'छ ।' गाउँमा एक हप्ता बस्दै गर्दा रुद्रलाई सहर जान मन लागेन । उनले पनि गाउँमै पढ्ने र बस्ने निर्णय गरे । पन्ध्र वर्षमा रामेछाप साहुकोमा काम गर्दै गर्दा उनी विवाह बन्धनमा बाँधिए । विवाह बन्धनमा बाँधिएको ३ महिनामा उनले आमा गुमाए ।

भन्ने गरिन्छ, मान्छेको जीवनमा दुःख पर्यो भने सबै एकैचोटी पर्छ, त्यस्तै बज्रपात आइपर्यो भर्खरै विवाह बन्धनमा बाँधिएको रुद्रलाई पनि ३ महिनामा उनले आमा गुमाए । आमा बितेको ८ महिना पछि लामिछाने घाँस काट्न जाँदा रूखबाट झरेर उनको ढाड भाँच्चियो ।

रुद्रलाई गाउँबाट उपचारका लागि काठमाडौं लगियो तर उनको हातबाहेक अन्य अंग चलेन । डाक्टरका अनुसार अरु कुनै विकल्प नभए पछि उनलाई जोरपाटीस्थित नेपाल अपाङ्ग संघ खगेन्द्र नब जीवन केन्द्र बहुउद्देश्य भवनमा भर्ना गरियो । त्यसपछि उनको जिबनको सहारा भनेकै ह्विलचियर भएको छ ।

उनी मलिलो अनुहार पार्दै भन्छन्, 'पहिले त आफैंले केही गर्न सकिएको थिइनँ । खुवाउनेदेखि शौचालयसम्मको काम अरुकै भरमा हुन्थ्यो । त्यतीबेला अपाङ्गताको पीडाभन्दा बढि समाजको अपहेनलाले मन पोल्थ्यो उनको । र, हरेकदिन आखाबाट आँसु बगाउदै यो जीवन किन बा'चिरहेछु भन्न्ने लाग्थ्यो ।'

उनी भन्छन, 'जब मैले जोरपाटीस्थित अपाङ्ग संघमा उपचार गर्दै आएँ । ममा धेरै सुधार भयो । अहिले साठी बर्षको भएपनि आफै खाना पकाउने कपडा धुने गर्छु ।' उनी थप्छन, 'यहाँ आएर ममा बाँच्ने साहस बढ्यो । म अहिले धेरै खुसी छु ।' उनी आफुजस्ता फरक क्षमता भएकाहरुलाई हेला हैन, हौसला दिन सबैमा अनुरोध समेत गर्छन् ।

# मोटरसाइकल दुर्घटनामा एक जना गम्भीर घाइते




सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १८ पुस

रौतहटको माधवनारायण नगरपालिकाबाट गौरतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन् ।

गौर चपुर सडक खण्डमा बच्चालाई जोगाउन खोज्दा भारतीय नम्बरको बि आर ३० जेड ३३७३ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकलमा सवार ३५ वर्षीय कैलास महतो गम्भीर घाइते भएका छन् । प्रहरीका अनुसार मोटरसाइकलले गौर नगरपालिकाको वडा नं ६ सबगढाका विजय साह तेलीको ७ वर्षीया छोरी आरती कुमारीलाई बचाउन खोज्दा अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा घाइते महतोको २५ वर्षीया श्रीमती ललिता देवी, डेढ वर्षीया छोरी शिवानी कुमारी र चालक रामपृत पण्डित सामान्य घाइते भएका छन् । उनीहरुको गौर अस्पतालमा उपचार भइरहेको छ भने गम्भीर घाइते महतोको थप उपचारका लागि रेफर गरिएको छ । घाइते महतोको टाउकोमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ ।

घटना घटेलगतै गौर ट्राफिक तथा बसपार्क प्रहरी समेतको टोली पुगेर मोटरसाइकललाई नियन्त्रणमा लिएको थियो । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## ओमन र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: AL MILADI GLOBAL MANPOWER SERVICES — शहर: MUSCAT
पूर्व स्वीकृत मिति: २०७८/०९/१६ — चलानी नं.: ६०१७१७६२ — L.T. No.: 255119

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Practitioner | 40 | 10 | सम्बन्धित काममा दक्ष | 900 | २,७८,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Obstetrics & Gynecology | 0 | 50 | | 1200 | ३,७०,८९६ | | | | | | | |
| 3. | Staff Nurses | 30 | 170 | | 420 | १,२९,८१३ | | | | | | | |

२. कम्पनी: AL RUJUH GENERAL CONTRACTING EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/१८ — चलानी नं.: ६०१७१७९७ — L.T. No.: 255338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 1 | 0 | | 1000 | ३१,६०० | | | | | | | |
| 3. | Worker Architect | 1 | 0 | | 2500 | ७९,००० | | | | | | | |

३. कम्पनी: SGB BAROOM LIMITED — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०९/१८ — चलानी नं.: ६०१७१७९९ — L.T. No.: 255337

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Scaffolder | 12 | 0 | स. काममा दक्ष | 1500 | ४७,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २६ गते (10 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ को रु. १०,०००/- क.नं. ३ नि:शुल्क |

मल्लसहित खेलाडीहरु नयाँ प्रशिक्षक पुबुदु दशानायकेको प्रतिक्षमा रहेका थिए। उनी नेपाल आएपछि समस्या समाधान हुने अपेक्षा गरेका खेलाडीहरुले उनको पनि साथ पाएनन्। पुबुदुले टिममा गुटबन्दी स्वीकार्य नहुने बताउँदै क्यानले कप्तानको विषयमा गरेको निर्णय आफूले मान्ने र खेलाडीहरुको केन्द्रीय सम्झौताका विषयमा क्यानलाई मनाउने बताएका थिए। त्यसपछि पुबुदुले ३० जनाको प्रारम्भीक सूची सार्वजनिक गरेका थिए। आइतबारदेखि बन्द प्रशिक्षण शुरु गर्ने भनिए पनि कारबाहीमा परेका चार खेलाडी र उनको टिमका अरु खेलाडीहरु सहभागी नहुँदा त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा गर्ने भनिएको पहिलो दिनको प्रशिक्षण नै स्थागित भएको थियो। त्यसपछि क्यानका पदाधिकारीले ज्ञानेन्द्रलाई बोलाएर दिनभर जसो छलफल गरेका थिए। छलफमाल ज्ञानेन्द्रले कप्तानको विषयमा कुरा राखे पनि क्यानले कप्तान परिवर्तन गर्ने कुरा बोर्ड बैठकले गरेकाले यसमा ब्याक नहुने अरु कुराहरु अबको बोर्ड बैठकबाटै निर्णय गराएर खेलाडीलाई ढुक्कसँग खेल्ने वातावरण मिलाउने प्रतिवद्धता जनाएको थियो। त्यसपछि ज्ञानेन्द्रले पनि बन्द प्रशिक्षणमा सहभागी हुने निर्णय गरेको र सोमबारदेखि बन्द प्रशिक्षण शुरु गर्ने तयारी गरिएको छ।

# मछिन्द्र क्लबले एएफसी कप छनोट खेल्ने



**काठमाडौं/ मस–** सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको साविक विजेता मछिन्द्र फुटबल क्लबले एएफसी कप छनोट खेल्ने पक्का भएको छ। ए डिभिजन लिग अन्तर्गत आइतबार भएको खेलमा नेपाल पुलिस क्लबलाई पराजित गर्दै मच्छिन्द्र लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको थियो। एन्फाले यसअघि सातौं चरणको खेलबाट शीर्ष स्थानमा रहने एएफसी लाइसेन्स प्राप्त क्लबले छनोट खेल्ने निर्णय गरेको थियो। सोही नियम अनुसार गत सिजनको लिग च्याम्पियन रहेर पनि क्लब लाइसेन्स नभएकाले छनोट खेल्न नपाएको मच्छिन्द्रले यस पटक सबै मापदण्ड पुरा गरेकाले छनोट खेल्ने बाटो तय गर्न सफल भयो।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतबार भएको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै मछिन्द्र शीर्ष स्थानमा उक्लिएको हो। मछिन्द्रको जितमा सुनिल बल नायक बने। उनले खेलको २१औं मिनेटमा निर्णायक गोल गरेका थिए। बलले विशाल राईको फ्री-किकमा हेडमार्फत गोल गरेका थिए।

जितपछि मछिन्द्रले सात खेलमा १७ अङ्क जोडेको छ। त्यस्तै समान खेल खेलेको मनाङ मर्स्याङ्दी क्लब १६ अङ्कका साथ दोस्रो स्थानमा छ। सात खेल नै खेलेको पुलिस ६ अङ्कका साथ ११औं स्थानमा छ।

# रोयल र स्कलको विजयी सुरुआत

**काठमाडौं/मस–** रोयल बास्केटबल र स्कल क्यान्डीले प्रथम अनमोल स्मृति पुरुष खुला बास्केटबल प्रतियोगितामा आइतबार विजयी सुरुआत गरेका छन्।



शिव सेना नेपाल, ललितपुरद्वारा आयोजित प्रतियोगिताको उद्घाटन खेलमा रोयलले गोड्सलाई ५८-३३ ले पराजित गर्‍यो। रोयलका रवि पौडेलले १३ अंक जोडे।

रोयलले चारै क्वाटरमा अग्रता बनायो। रोयलले पहिलोमा १२-२, दोश्रोमा १२-८ र तेश्रानेमा १२-११ को अग्रता लियो। चौथो तथा अन्तिम क्वाटरमा रोयलले २२-१२ स्कोर गर्दै जित अन्तरलाई फराकिलो बनायो।

चण्डोलस्थित विशाल मिलन केन्द्र (बिएमके) को कोर्टमा स्कलले क्याम्पियनलाई ५९-५७ को झीनो अन्तरले हरायो। विजयी टिमका लागि सुजनले १५ स्कोर गरे।

तेश्रो क्वाटरको समाप्तिसम्म स्कल ३३-३९ ले पछि थियो। चौथो क्वाटर २६-१८ ले आफ्नो पक्षमा पार्दै स्कलले जित सुनिश्चित गर्‍यो। त्यसअघि स्कलले पहिलोमा ११-१३, दोश्रोमा १३-१२ र तेश्रोमा ९-१४ को प्रदर्शन गरेको थियो।

प्रतियोगिताको शिव सेना नेपालका केन्द्रीय अध्यक्ष अनिल बाबा बस्नेतले निर्णायक सागर श्रेष्ठलाई एक कार्यक्रमबीच बल हस्तान्तरण गरी उद्घाटन गरे। लिग कम नकआउट प्रतियोगितामा ८ टिमको सहभागिता रहेको आयोजक शिव सेना नेपाल, ललितपुरका अध्यक्ष रविन्द्र अवालेले जनाएका छन्।

विजेताले १ लाख तथा उपविजेताले ५० हजार नगद पुरस्कार पाउने छन्। 'मोस्ट भेलुएबल प्लेयर' लाई १० हजार नगदबाट पुरस्कृत गरिने छ। प्रतियोगिताअन्तर्गत सोमबार बिएमके र टाइम्स तथा गोड्स र स्कल क्यान्डीबीच खेल हुने छ।

# दिक्षा र स्यान्टुले जिते स्वर्ण

**काठमाडौं/मस-**नेपाल एपिएफ क्लबका दिक्षा तामाङ्ग र पुलिसका स्यान्टु श्रेष्ठ खुमबहादुर खड्का स्मृती कप राष्ट्रिय स्तर टेबल टेनिस प्रतियोगिताको उपाधी हात पार्न सफल भएका छन्।

दिक्षाले महिला एकल तर्फ सेनाकी रविना महर्जनलाई ४-२ ले पराजित गर्दै स्वर्ण हात पारेकी हुन्। उनले नगद ४० हजार सहित, मेडल र ट्रफी प्राप्त गरिन्। रविनाले २० हजार सहित मेडल र प्रमाण पत्र प्राप्त गर्दा तेश्रो स्थानमा रहेका सेनाकी दिया देउला र पुलिसकी मन्जु सुवालले १०, १० हजार मेडल र प्रमाण पत्र प्राप्त गरे।



युथ अफ तुलसीपुर, दाङ्गको आयोजना भएको प्रतियोगिताको पुरुष एकल तर्फ राष्ट्रिय च्याम्पियन स्यान्टुले पुलिसकै विनेश खनियालाई ४-२ ले पराजित गर्दै पुरुष एकलको उपाधी हात पारे। उनले नगद ४० हजार मेडल र ट्रफी प्राप्त गरे। विनेशले नगद २० हजार प्राप्त गरे। यस्तै तेश्रो स्थानमा रहेका सेनाका दिप साउन र एपिएफका संयोगक कपालीले नगद १०, १० हजार मेडल र प्रमाण पत्र प्राप्त गरे।

पौष १६ देखि १८ गते सम्म संचालन भएको प्रतियोगितामा महिला टिम ईभेन्ट्समा नेपाली सेनाले जित निकाल्यो। सेनाले एपिएफलाई ३-२ को जित निकाल्दै उपाधी उचालेको हो।

# ला लिगामा शीर्ष स्थानको रियल मड्रिड पराजित

**काठमाडौं/एजेन्सी–**स्पेनिस ला लिगा फुटबलमा लिग लिडर रियल मड्रिड पराजित भएको छ। सन् २०२२ को पहिलो खेलमा रियल मड्रिड गेटाफेसँग १-० गोल अन्तरले पराजित हुन पुग्यो। पराजीत भए पनि रियल भने २० खेलबाट ४६ अंक जोड्दै तालिकाको शीर्ष स्थानमा यथावत रहेको छ भने १९ खेलबाट १८ अंक जोड्दै गेटाफे १६ औं स्थानमा रहेको छ।

घरेलु मैदानमा गेटाफेले पहिलो हाफमा लिएको १ गोलको अग्रता स्पष्ट ३ अंक दिलाउन पर्याप्त बन्यो।

इनियस युनलले गोल गर्दा गेटाफेले अग्रता लिएको थियो। शुरुदेखि नै रियल मड्रिडविरुद्ध आक्राम खेल खेलेको गेटाफेका लागि नवौं मिनेटमा युनलले गोल गर्दै अग्रता दिलाएका थिए। १४ औं मिनेटमा उनै युनलले अग्रता दोब्बर बनाउने मौका खेर फालेका थिए। १५ औं मिनेटमा लुका मोड्रिकको प्रहार टाढिएको थियो। यसैगरी १७ औं मिनेटमा मोड्रिकको प्रहार बारमा लागेर बाहिरिएको थियो। २० औं मिनेटमा टोनी क्रुसको प्रहार खेर गएको थियो। शुरुमै १ गोलले पछि परेको रियलले गोल गर्ने अबसर पाए पनि सफल नभएपछि क्रिसमस र नयाँ बर्ष पछिको पहिलो खेलमा पराजय भोग्न बाध्य बन्यो।


## Mandandeupur Municipality
### Office of Municipal Executive
**Mahadevasthan, Kavre**
**Bagmati Province, Nepal**

## Invitation for Sealed Quotation

**(Date of first Publication: 3rd Jan, 2022)**

The Mandandeupur Municipality invites sealed quotations from registered contractors for the construction of Following Project.

| S.N. | Contract Identification No. | Bid Security Amount. NRS | Cost of Bid Document Nrs. | Estimated Amount (Without VAT) | Bid Validity Period | Quotation Submission Deadline |
|---|---|---|---|---|---|---|
| 1 | 05/SQ/Works/ MDM/078/79 Khop Kendra Nirman Ward-3 & 10 | 38000.0 | 1000.0 | NRs. 1274849.87 | 45 days | 18th Jan 2022, 12:00 |
| 2 | 06/SQ/Works/MDM/078/79 Manedanda Devisthan Mandir Nirman ward -3 | 48000.0 | 1000.0 | NRs. 1664441.48 | 45 days | |
| 3 | 07/SQ/Works/MDM/078/79 Dhaitar Sarbajhang Nayagaun Sadak | 27000.0 | 1000.0 | NRs. 929249.00 | 45 days | |

1. Eligible bidders may obtain further information and inspect the Quotation document at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
2. Quotation document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested Bidders should register in the e-GP system and deposit the cost of Quotation document in the following specified bank.
   **Name of the bank: Global IME Bank,Kunta**
   **Name of the office:** Mandandeupur Municipality, Mahadevsthan Kavre.
   **Project Rajaswa Account No.:** N404010000010 **(For the cost of Quotation Document)**
   **Office Deposit Account no.:** N404010000008 **(For the cash deposit of Quotation Security Amount)**
3. Interested Bidders should submit online Quotations through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before specified in above. Bidders are required to follow the electronic Quotation submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online Quotations shall be opened in the presence of Bidders representatives who choose to attend on 1 hours after Quotation submission deadline at the office of Mandandeupur Municipality,Mahadevsthan, Kavre , Nepal. Online Quotations must be valid for a period of 45 days counting from the day of Quotation opening and must be accompanied by Quotation security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the Quotation validity period.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the Quotations without assigning reason, whatsoever.
5. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief administrative officer**



## साउदीमा रोजगार
१. कम्पनी: ABDULLAH AL OTHAIM MARKETS COMPANY
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०९/१२ चलानी नं.: ६०१७१७४७ LT. No.:254570

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 35 | 0 | स. काममा दक्ष | 1800 | ५६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष २६ गते (10 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



## UAE मा रोजगार
Accuro Specialist Support Services LLC

LT No.: 255397

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 45 | [illegible] | 800 | [illegible] |

अन्तरवार्ता २०७८ पौष २६ गते (10, Jan. 2022) यस प्रा. लि. कार्यालय, महाराजगंज, काठमाडौंमा हुनेछ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
(Shan International Group Nepal Pvt. Ltd.)
Maharajgunj (Near to Jyoti Bikas Bank), Kathmandu, Nepal
Tel : 4378890, 4378054
Licence No. 915/067/68



## कुवेतमा रोजगार
AL -JAZIRA INTERNATIONAL GENERAL TRADING AND CONTRACTING CO.
पुर्व स्विकृति मिति: २०७८।९।१८ चलानी नं. ६०१७१७९० LT No. 255413

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 300 | काममा दक्ष | 85 | 33434 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | १०,००० |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७८ पुष २६ गते (10 January 2022) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

Email:manakamanamfec@gmail.com

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं: 01-4034677, 9808577289, 9860836178, 9851125275



फेवातालमा पर्यटकको चहलपहल

*फेवातालमा डुङ्गा सयर गर्दै पर्यटक । पछिल्लो समय पर्यटकीय सहर पोखरामा विशेषत: आन्तरिक पर्यटक बढेका छन् । तस्बिर : कृष्ण न्यौपाने/रासस*

### मल खरिदमा व्यापक भ्रष्टाचार

# एक अर्ब बढीको अनियमितता भएको खुलासा



**काठमाडौं/रासस–** खेतीपातीको समयमा रासायनिक मल नपाएर किसानले भोगेको पीडाको वर्णन गरी साध्य छैन । तर रासायनिक मल आपूर्ति गर्ने कृषि सामग्री कम्पनी लिमिटेडका कर्मचारी आपूर्तिकर्तासँग मिलेर आर्थिक अनियमितता गर्न उद्यत् छन् भन्ने सुन्दा किसानको मनमा कस्तो प्रश्न पैदा होला ? किसानले जुन कुरा सुन्नु नपरोस् भन्ने चाहेका छन्, तर त्यस्तै भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज विशेष अदालतमा दायर गरेको मुद्दाअनुसार सरकारी स्वामित्वको सो कम्पनीका कर्मचारी गुणस्तरहिन मल आयात गर्ने काममा संलग्न भएको पाइएको छ । उनीहरु आर्थिक अनियमिततामा मुछिएका छन् । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मातहतको कृषि सामग्री कम्पनीले आर्थिक वर्ष २०७७/७८ का लागि खरिद गरेको डिएपी मल सरकारले तोकेको गुणस्तरअनुसार नरहेको पाइएको छ । कम गुणस्तरको मल खरिद गरी आर्थिक अनियमितता गरेको आयोगको अध्ययनबाट देखिएको छ ।

कम्पनीका कर्मचारी र मल आयात गर्ने आपूर्तिकर्ताको मिलेमतोमा कम गुणस्तरको मललाई गुणस्तरयुक्त भनी आयात गर्न अनुमति दिइएको पाइएको छ । रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली विपरित कम्पनीले प्रतिस्पर्धा नै नगराई ‘नेपाल इन्भारोमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालि’लाई मलको गुणस्तर प्रतिवेदन दिन लगाएको पाइएको छ ।

नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्राप्त परीक्षणबाट उक्त मल तोकिएको मापदण्डअनुसार नभएको पाइएको छ । गलत प्रतिवेदन तयार पारेर रु एक अर्ब ५३ लाख २२ हजार बराबरको भुक्तानीसमेत गरिएको पाइएको छ । आयोगले उक्त सरकारी रकम हानीनोक्सानी गरेको पाइएकाले आज विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

आयोगले कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारी, प्रबन्धक विष्णुप्राद पोखरेल, सहायक प्रबन्धक दुर्गाप्रसाद पाण्डे, उपप्रबन्धक पुष्पकरदिप बुढाविरुद्ध रु एक अर्ब ५३ लाख २२ हजार बराबरको बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिए । आयोगले गलत प्रतिवेदन बनाउने कार्यमा संलग्न नेपाल इन्भारोमेन्टल एण्ड साइन्टिफिक सर्भिस प्रालिका प्रबन्ध निर्देशक सलिल देवकोटा, सो संस्थाको प्रयोगशाला निर्देशकको जिम्मेवारीमा रहेका सुनिलबाबु खत्री, सर्भेयर महेन्द्रकुमार डागा, प्रयोगशाला तथा परमर्शदाता भोलानाथ चौधरी र सम्झौता गर्ने कार्यमा सङ्लग्न मनोज आचार्यविरुद्धसमेत समान बिगो बराबरको माग दावी गरिएको छ ।

त्यस्तै, आपूर्तिकर्ता जोशी बिज हाउस प्रालि काठमाडौंका विनित जोशीविरुद्ध पनि समान बिगो दावी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको छ । आयोगले पछिल्लो पटक दायर गरेका मुद्दामध्ये यो हालसम्मकै ठूलो बिगो हो । किसानले मल नपाउने, पाए पनि गुणस्तरहिन पाएको भन्ने चर्चा भइरहेको सन्दर्भमा आयोगले आज दायर गरेको मुद्दाले त्यो आशंकालाई बल पुर्‍याएको छ ।

### तरलता संकटलाई कम गर्ने उपाय

# केन्द्रीय बैंकद्धारा १ खर्ब पुनर्कर्जा स्वीकृत



चालु आर्थिक वर्षमा राष्ट्र बैंकले २ खर्ब १२ अर्ब रुपैयाँ पुनर्कर्जा प्रवाह गर्ने लक्ष्य राखेको छ । पुनर्कर्जा स्वीकृत गर्ने केन्द्रीय बैंकको निर्णयले बैंकिङ क्षेत्रमा देखिएको लगानीयोग्य तरलता संकटलाई कम गर्न मद्दत पुर्‍याउने अनुमान गरिएको छ ।

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १८ पुस ।

चालु आर्थिक वर्षको अहिलेसम्मको अवधिमा नेपाल राष्ट्र बैंकले १ खर्ब ४ अर्ब ८४ करोड रुपैयाँ पुनर्कर्जा स्वीकृत गरेको छ। जसमध्ये ११ अर्ब ८४ करोड रुपैयाँ ग्राहक ऋणीहरुलाई राष्ट्र बैंकबाट सिधै र करिब ९३ अर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थाबाट एकमुष्ट रुपमा प्रवाह हुने राष्ट्र बैंकले जनाएको छ ।

उल्लेखित पुनर्कर्जा रकममध्ये अहिलेसम्म ग्राहकहरुले ११ अर्ब ८४ करोड रुपैयाँ प्राप्त गरिसकेका छन् । बाँकी पुनर्कर्जा पुस महिनाभित्रमा बजारमा पुर्‍याइसक्ने राष्ट्र बैंकले जनाएको छ । केन्द्रीय बैंक राष्ट्र बैंकको सो निर्णयले बैंकिङ क्षेत्रमा देखिएको लगानीयोग्य तरलता संकटलाई कम गर्न मद्दत पुर्‍याउने अनुमान गरिएको छ । बैंकहरुमार्फत पठाउन लागेको रकम केन्द्रीय बैंकको बैंकिङ विभागमा पठाएको र बैंक तथा वित्तीय संस्थाले सम्झौता गरेर सोही विभागबाट पुनर्कर्जा लिन सक्ने जनाइएको छ ।

नेपाल राष्ट्र बैंकले पुनर्कर्जामार्फत बजारमा प्रवाह हुने रकमले तरलता अभावको क्षेत्रमा केही सहज बनाउने दाबी गरेको छ । चालु आर्थिक वर्षमा राष्ट्रबैंकले २ खर्ब १२ अर्ब रुपैयाँ पुनर्कर्जा प्रवाह गर्ने लक्ष्य राखेको छ । त्यसरी प्रवाह गरिने पुनर्कर्जा वापतको रकममध्ये ७० प्रतिशत बैंक तथा वित्तीय संस्थामार्फत, २० प्रतिशत सिधै राष्ट्रबैंकमार्फत र १० प्रतिशत लघुवित्तीय वित्तिय संस्थामार्फत हुने राष्ट्रबैंकले जनाएको छ। राष्ट्रबैंकका अनुसार प्रवाह गरिने पुनर्कर्जा मध्ये साधारणतर्फ ५ र विशेषतर्फ ३ प्रतिशत ब्याजदर कायम गरिएको छ ।

# ५० अर्ब सरकारी कोषमा होल्ड

आन्तरिक स्रोतबाट नियमित हुनुपर्ने पूँजीगत खर्च हुन सकिरहेको छैन् । जसले गर्दा अहिले ठूलो मात्रामा सरकारी कोषमा पैसा ‘होल्ड’ भएको छ । झण्डै ५० अर्ब रुपैयाँको सरकारी कोषमा पैसा होल्ड भएको महालेखा नियन्त्रण कार्यालयले जनाएको छ।

दातृ निकायहरुले मुलुकको बजेट खर्चको आधारमा पैसा पठाउने गर्दछन्। तर, सरकारी कोषमा पैसा होल्ड भएकै कारणले वैदेशिक सहायता पनि रोकिएको जनाइएको छ । दातृ निकायहरुले बजेट खर्चको आधारमा पैसा पठाउने हुनाले भईरहेको बजेट नै खर्च नभएकाले उनीहरुले पैसा नपठाएको अर्थमन्त्रालयका अधिकारीले बताएका छन् ।

चालु आ.व. ०७८/०७९ मा ४ खर्ब ३९ अर्ब विकास बजेट खर्च गर्नुपर्ने हो । तर, चालु आवको साढे ५ महिनामा ३६ अर्ब मात्रै खर्च भएको छ। चालु आवको हालसम्म भएको पुँजीगत खर्चको अवस्था हेर्दा सरकार तथा प्राणाली विकासको लागि पुर्ण सक्षम नभएको देखाएको छ ।

# ग्लोबल आइएमई बैंक १६औं वर्षमा प्रवेश



**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंक लिमिटेड आइतबारदेखि आफ्नो स्थापनाको १६औं वर्षमा प्रवेश गरेको छ । उक्त अवसरमा बैंकले १५ वर्षदेखि बैंकमा निरन्तर सेवारत ४९ कर्मचारीहरुलाई सम्मान गरेको छ ।

काठमाडौंको एभेष्ट होटेलमा आइतबार आयोजित विशेष कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई १५ वर्षे कोशेढुंगा पार गरेकोमा सम्मान गरे । यसका साथै अध्यक्ष ढकालले बैंकमा १५ वर्षदेखि निरन्तर सेवारत कर्मचारीहरुलाई सम्मान गरे ।

बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले ग्लोबल आइएमई बैंकले उत्कृष्ट बैंकिङ्ग सबैका लागि भन्ने नाराका साथ आफ्नो स्थापनाको १५ वर्षमा १८ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा एक्विजिशनमार्फत आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको बताए ।

प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य बैंकले आफ्नो सेवालाई ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी आफ्नो लक्ष्य निर्धारण गरेर बैंक अगाडि बढेको बताए । हाल बैंकको ३३.७५ अर्ब रुपैयाँ शेयरधनी कोष, २७४ अर्ब रुपैयाँ निक्षेप संकलन र २६९ अर्ब रुपैयाँ कर्जा लगानी रहेको छ ।

त्यस्तै, बैंकले ७६ जिल्लामा रहेका आफ्ना २८७ शाखा, २६३ शाखा रहित बैंकिङ्ग सेवा, २५२ एटीएम, ४८ एक्स्टेन्सन काउन्टर र तीनवटा वैदेशिक सम्पर्क कार्यालय मार्फत उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैंकमा ३२ सय भन्दा बढी कर्मचारी तथा २७ लाख भन्दा बढी ग्राहकहरु रहेका छन् ।

## संक्षिप्तमा अर्थ

### साना किसानको लाभांश पारित

**काठमाडौं/मस–** साना किसान विकास लघुवित्त वित्तीय संस्थाले सेयरधनीहरुलाई दिने लाभांश पारित गरेको छ । संस्थाको २० औं वार्षिक साधारणसभाले उक्त लाभांश पारित गरेको हो। साधारणसभाले सेयरधनीहरुलाई आर्थिक वर्ष २०७७/७८ को आम्दानीबाट २५ प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि १.३१५ प्रतिशत नगद लाभांश दिने प्रस्ताव पारित गरेको छ। सम्पन्न सभामा वित्तीय संस्थाका अध्यक्षले सञ्चालक समितिका तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। वित्तीय संस्थाको जारी र चुक्तापुँजी १ अर्ब ५६ करोड ४४ लाख १३ हजार ७२७.६० पुर्‍याउने प्रस्ताव पारित गरेको छ। प्रतिवेदन अनुसार आ.व. २०७६/७७ को अन्त्यमा वित्तीय संस्थाको कुल सम्पत्ति २४ अर्ब ३८ करोड १० लाख रहेकोमा २०७७/७८ अन्त्यमा ७.१३ प्रतिशतले बृद्धि भई २६ अर्ब १२ करोड पुगेको छ ।

### कर्पोरेट डेभलपमेन्टले हकप्रद जारी गर्दै

**काठमाडौं/मस-** कर्पोरेट डेभलपमेन्ट बैंकले आगामी माघ ७ गतेदेखि हकप्रद सेयर निष्काशन गर्ने भएको छ। बैंकले हाल कायम रहेको चुक्ता पुँजीको १५० प्रतिशत (अर्थात एक बराबर १.५ को अनुपात) हकप्रद सेयर जारी गर्न लागेको हो। सो प्रयोजनको लागि संस्थाले आगामी पुस २५ गते बुक क्लोज गर्दै छ। यससँगै पुस २४ गतेसम्म कायम सेयरधनीले संस्थाले जारी गर्न लागेको हकप्रद सेयरमा आवेदन दिन पाउने छन्। हाल बैंकको चुक्ता पुँजी २० करोड रुपैयाँ छ। बैंकले १५० प्रतिशत अर्थात ३० करोड रुपैयाँ बराबरको ३० लाख कित्ता हकप्रद जारी गर्न लागेको हो। जसको अंकित मूल्य एक सय रुपैयाँ छ। सो मात्राको हकप्रद जारी पश्चात संस्थाको चुक्ता पुँजी ५० करोड रुपैयाँ पुग्ने छ।

### बिओकेको स्मार्ट सेभिङमा आकर्षक ब्याज

**काठमाडौं/मस–** बैंक अफ काठमाण्डूले आफ्नो ग्राहकलाई उत्कृष्ट बैंकिङ्ग सेवा तथा सुविधाहरु प्रदान गर्ने उद्देश्यले ग्राहकहरुलाई मध्य नजर गर्दै बिओके स्मार्ट सेभिङ्ग अकाउन्ट सार्वजनिक गरेको छ ।

‘कारोबार अब अझ फटाफट’ भन्ने मुलनाराका साथ ग्राहकहरुलाई बैंकिङ्ग सेवाहरुमा थुप्रै छुटहरुको साथ उच्चतम व्याजदरको व्यवस्थासहित बैंकले उक्त बचत खाता संचालनमा ल्याएको जनाएको छ। उक्त बचत खाता ग्राहकहरुले प्रविधिको प्रयोग गरी अनलाइनको माध्यमबाट पनि खाता खोल्न सक्नुहुनेछ। यस बचत खाता खोल्दा ग्राहकहरुले ६.५५ प्रतिशत वार्षिक व्याजदर सहित मोबाईल बैंकिङ्ग शुल्कमा, डेबिट कार्ड जारी शुल्कमा, बिओके इकम डलर कार्ड जारी शुल्कमा ५० प्रतिशतको छुट तथा अन्य बैंकिङ्ग सेवाहरुमा धेरै छुटहरुको फाइदा उपयोग गर्न सक्नेछन् ।

हालसम्म बैंक अफ काठमाण्डूले ९२ शाखा कार्यालयहरु, ८४ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

**पथरी शनिश्चरे नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पथरी, मोरङ्ग**

**१ नं. प्रदेश, नेपाल**

**आन्तकि आय ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आव्हानको सूचना**

**प्रथम प्रकाशित मिति २०७८/०९/१९**

चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) का लागि यस नगरपालिकाको डाँसखोलाबाट खोलाजन्य पदार्थ उत्खनन् गर्न निम्न बमोजिमको अंकबाट बढाबढ गरी बोलपत्र ठेक्का प्रक्रियाद्धारा लगाउनु पर्ने भएकोले इच्छुक व्यवसायी/फर्म/कम्पनीहरुबाट **http//www.bolpatra.gov.np/egp** मा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाईन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | बढाबढ गर्नु पर्ने न्यूनतम अंक (भ्याट बाहेक) | वोलपत्र फारम दसतुर | जमानत रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| EGP/NCB/ 2078/079/11 | खोलाजन्य पदार्थ उत्खनन् कार्य | ११४००३९३।२५ | ३०००। | ३०००००। | २०७८।१०।१९ गते दिनको १२ बजे सम्म |

१. बोलपत्र/दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुने छ । निर्माण सम्बन्धि थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिने छ ।

२. बोलपत्र/दरभाउपत्र गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार **http//www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी बीड गर्न सकिने छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**